# अध्याय : एक
# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षण कार्यलाई सफल पार्नको लागि पाठ्यक्रमले तयार गरेका शैक्षिक उद्देश्यहरु प्राप्त गर्न उपयुक्त शिक्षण सिकाई क्रियाकलाप र विषयगत ज्ञानको जरुरी पर्दछ । कुनै पनि शिक्षकले राम्रोसँग विषयवस्तु र विषयगत ज्ञानमा दक्ष हुँदैन तवसम्म शिक्षकले शिक्षण कार्य राम्रोसँग गर्न सक्दैन । यसर्थ शिक्षकलाई विषयवस्तुको ज्ञानको अभाव, तालिमको अभाव आदिले गर्दा शिक्षण पेशा जटिल बन्दै गइरहेको छ । यदि शिक्षकले विद्यार्थीहरुको रुचि, क्षमता, उमेर, आवश्यकता आदि पक्षहरुलाई ध्यान नदिई शिक्षण कार्य गर्दछ भने त्यो शिक्षण कार्य प्रभावकारी हुन सक्दैन । त्यसैले शिक्षकले शिक्षण कार्य गर्दा उपयुक्त शिक्षण विधि, शैक्षिक सामग्री, क्रियाकलाप, कक्षाकोठाको वातावरण, विद्यार्थीहरुको रुचि, क्षमता, उमेर, मनोवैज्ञानिक आदि पक्षहरुको बारेमा बुझ्न आवश्यक हुन्छ ।

एक्काइसौं शताब्दीको विश्वव्यापीकरणको समयमा स्तरीय तथा प्रतिस्पर्धी क्षमता विकास गर्ने शिक्षा दिनु अनिवार्य भइसकेको छ । प्रतिस्पर्धाको लागि न भौगोलिक सीमा बन्देज छ, न जात, धर्म र लिङ्ग नैं । आजको शिक्षाको उद्देश्य प्रमाणपत्रको विटो बोकेर कामको बजारमा कामको लागि याचना गर्दै हिँड्ने नभई ज्ञान, सीप र क्षमताको आधारमा प्रतिस्पर्धामा खरो उतार्ने हुनुपर्दछ । विश्व बजारमा प्रतिस्पर्धी क्षमतावान मानव संसाधनको विकास गर्ने प्रमुख व्यक्ति नैं शिक्षक हो । शिक्षक शिक्षाको केन्द्रीय सार हो । (Teacher are Vital) । शिक्षकले ज्ञानमुखि, सिर्जनशील र अनुसन्धानमुखी तथा समय सापेक्ष परिवर्तीत ज्ञान हासिल गरी अध्यापन गर्दा मात्र उत्कृष्ट जनशक्ति तयार हुन सक्दछ । (श्रेष्ठ, २०६७)

स्तरीय शिक्षा उपलब्ध गराउने पक्षहरुमा शिक्षक पहिलो कसिमा पर्दछन् । दक्ष, सक्षम र ज्ञानयुक्त शिक्षकहरुमा रुपान्तरित हुन उसमा ज्ञान, सीप, अभिवृद्धि गर्नु र धारणामा परिवर्तन गर्न नवीनतम खोज र उपलब्धिसँग आत्मसात गर्दै लान आवश्यक रहन्छ । यसले उसको काम गर्ने क्षमता अभिवृद्धि गर्न काम गर्ने, जागरणमा उर्जा थप्न, उत्तरदायित्व प्रति

सजग र सचेत हुन, सरोकारवाला पक्षसँग सकारात्मक व्यवहार देखाउन, आफ्नो कार्यप्रति आत्मबल बढाउन सहयोग पुऱ्याउँदछ । (श्रेष्ठ, २०६७)

पेशाको परिभाषाको बारेमा स्टनेट (Stanett) ले भनेका छन् : 'पेशा त्यस्तो व्यवसाय वा कार्य हो जुन विशिष्टीकृत, बौद्धिक अध्ययन वा तालिममा आधारित हुन्छ । जसको कार्य निश्चित शुल्क वा तलव लिई सेवाग्राहीलाई आफ्नो ज्ञान र सीपसँग सम्बन्धित सेवा प्रदान गर्नु हो' ।

शिक्षण पेशालाई सम्मानित बनाउनको लागि राष्ट्रिय योगदानको आवश्यक प्रथम मानिन्छ किन भने शिक्षा योजना, शैक्षिक नीति, शिक्षाका राष्ट्रिय, तहगत र कक्षागत उद्देश्यहरु, पाठ्यक्रमको स्तरीयता र समन्वयन पाठ्यसामग्रीको निर्माण, शिक्षण विधीहरुको शुरुवात, शिक्षक तालिम, योग्य शिक्षकहरुको छनौटको व्यवस्था राष्ट्रिय स्तरबाट हुनुपर्दछ । यस पछि शिक्षकहरुको दायित्व, लगनशील कार्य दक्षता, शिक्षण पेशालाई मर्यादित र विकसित बनाउने आवश्यक पक्ष मानिन्छ । शिक्षण पेशामा प्रत्यक्ष संलग्न व्यक्ति शिक्षक भएकोले शैक्षिक व्यवस्थापन र शिक्षकका आवश्यक गुणहरुको विकासमा शिक्षक सदैव सचेत रहनुपर्दछ । शिक्षक विषयगत दक्षता, अन्य विषयहरुसँगको सम्बन्ध, नयाँ-नयाँ ज्ञानको खोजी र प्रयोग, अनुशासन, राम्रो चरित्रवान्, व्यक्तिगत विभिन्नताको जानकारी, राम्रो र स्पष्ट सञ्चार, सत्यता, सहयोगीपन, नेतृत्वसीप, दायित्वको वहन, नियमितता, परिश्रमी, कर्तव्यनिष्ठ, सहनशीलता, स्वावलम्बीपन, सिर्जनात्मक विचार, निस्पक्षपन, सामाजिक र साँस्कृतिक आदि पक्षको जानकारी राख्ने जस्ता गुणहरु राम्रो शिक्षकका पहिचान हुन् । यस्ता गुणहरुको विकास र शिक्षण पेशाका विशेषताहरुलाई राम्ररी सौँच पुऱ्याउँदा शिक्षण पेशा सर्वश्रेष्ठ पेशामा रहिरहने देखिन्छ । (शर्मा एण्ड शर्मा, २०६७)

कुनै पनि काम पेशा हुनको लागि त्यसमा त्यस काममा ज्ञानको क्रमवद्धता ज्ञानको प्राप्ती र कुशल प्रयोग सामाजिक उत्तरदायित्व वहन र आचार संहिता जस्त पेशा बनाउने कारक तत्वहरु समावेश भएको हुनुपर्दछ । शिक्षण पेशामा यी सबै पेशागत गुण वा कारक तत्वहरु समावेश हुने हुनाले शिक्षणलाई पेशा मानिएको छ । (शर्मा एण्ड शर्मा, २०६७)

विद्यालयको थालनी समाजमा हुन्छ । समाजका शिक्षाप्रेमी, चेतनशील व्यक्ति, वुद्धिजीवी व्यक्ति, राजनीतिकर्मी र सामाजिक रुपमा सक्रिय मानिसले विद्यालयको शुरु गर्दछन् । विद्यालय सरकारले खोली दिएको कतै पनि छैन । समाजमा खोलिएका विद्यालयलाई सरकारले सहयोग गरिदिएको छ । सामुदायिक विद्यालय जसलाई बोलीचालीको भाषामा सरकारी विद्यालय पनि भनिन्छ, त्यस्ता विद्यालयले प्रत्यक्ष सरकारी सहयोग र संरक्षणको आशा गर्दछन् । हिजो आज शिक्षा नियमावलीको भाषामा संस्थागत विद्यालयहरु पनि देशभरमा करिव दस हजारको संख्यामा रहेको अनुमान छ । त्यस्ता विद्यालयहरु संस्थापकहरुद्वारा अभिभावकको श्रोतको सहभागितामा शुरु हुन्छन् । बोलीचालीको भाषामा संस्थागत विद्यालयहरुलाई निजी क्षेत्रका वा बोर्डिङ्ग स्कूल पनि भनिन्छ । सबै निजी लगानीमा सञ्चालन भएका विद्यालय बोर्डिङ्ग होइनन् तथापी यहाँ यस्तै चलन छ । सरकारी लगानी विना चलेका विद्यालयहरु बोर्डिङ्ग भनेर चिनिन्छन् । जसरी शब्दले उल्लेख गरिएता पनि हाल नेपालमा यी दुई किसिमका विद्यालयहरु सञ्चालन हुँदै आइरहेको छ । यी दुई प्रकारका विद्यालयहरुको उद्देश्य पनि बालबालिकाहरुलाई गुणस्तरीय शिक्षा प्रदान गर्नु नैं हो । (खनाल, २०६५)

शिक्षक कुनै पनि शिक्षा प्रक्रियााको एक महत्वपूर्ण व्यक्ति हो । जसलाई विद्यालय व्यवस्थाको एक सर्वोपरी व्यक्तिको रुपमा चिनिन्छ । John Admas को भनाइ अनुसार ‘शिक्षक मनुष्यको निर्माता हो’ । वास्तवमा शिक्षक नै आजका कलिला बालबालिकाहरुलाई असल शिक्षा दीक्षाबाट भोलिका सुयोग्य नागरिक तयार पर्ने जिम्मेवारी रहेको हुन्छ । विद्यालयको शैक्षिक कार्यक्रमलाई सफल र उपलब्धिमूलक बनाउनको लागि योग्य र दक्ष शिक्षकको आवश्यकता पर्दछ । शिक्षक नैं त्यस्तो शक्ति हो जसको प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा भावी सन्ततीहरु माथि प्रभाव पारिरहेको हुन्छ । एउटा असल शिक्षकको अभावमा सम्पुर्ण शिक्षा प्रणालीमा रहेका विकृतिहरु पनि दूर हुन सक्दछन् । यसरी शिक्षण सिकाई प्रक्रियामा कुनै पनि शिक्षकको महत्वपूर्ण भूमिका रहेको हुन्छ । यदि शिक्षक शिक्षण सिकाईमा सकृय भएनन् भने त्यहाँ सिकाई भएको हुदैन । तसर्थ शिक्षण सिकाईलाई शिक्षकको एउटा महत्वपूर्ण कार्य पनि भन्न सकिन्छ । (गौतम, २०६७)

प्राथमिक विद्यालयलाई शिक्षा क्षेत्रमा आधारभूत आवश्यकता पुरा गर्ने रुपमा लिइन्छ । प्राथमिक विद्यालयमा शिक्षकको स्थान बालबालिकाहरुको चौतर्फी विकास गर्नमा

महत्वपूर्ण भूमिका रहेको हुन्छ । शिक्षकले सदैव आफ्नो कार्यप्रति उत्तरदायी हुनुपर्दछ । साथै आफ्नो कार्यप्रति सन्तुष्टि र कर्तव्यनिष्ठ भएर कार्य गर्नुपर्दछ । शैक्षिक क्षेत्रमा भविष्य निर्माण गर्नका लागी ज्ञानमूलक शिक्षा दिएर शिक्षण गर्नुपर्दछ । एउटा दक्ष शिक्षक बन्नको लागि के पढाउने ? किन पढाउने ? कसरी पढाउने ? भन्ने सम्बन्धमा आवश्यक सीपहरु हुन जरुरी छ । यसरी प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरुमा विषयवस्तुको पूर्ण ज्ञान बालबालिकाहरुलाई कसरी पढाउने भन्ने ज्ञान सीप, मेरो कार्य के हो भन्नेको आदि कुरामा जानकारी हुन स्पष्ट र निपूर्ण हुनुपर्दछ ।

कुनै पनि बालबालिकाहरुको शैक्षिक अवस्था बारे शिक्षक अभिभावकबीच अन्तरक्रिया गर्न अभिभावक र शिक्षकबीच निरन्तर भेटघाटको आवश्यकता हुन्छ । त्यस्तै अभिभावकबाट विद्यालयमा निर्वाह गर्नुपर्ने भूमिका बारेमा जानकारी लिन दिन पनि शिक्षक र अभिभावकबीच सञ्चार कायम हुन जरुरी हुन्छ । विद्यालयको शैक्षिक वातावरण राम्रो बनाउनको लागि पनि शिक्षक अभिभावकबीच राम्रो सम्बन्ध आवश्यक हुन्छ । यसरी विद्यालयमा शिक्षक र अभिभावकबीच जति सञ्चार कायम हुन्छ त्यतिबेला शिक्षकले अभिभावक र अभिभावकले शिक्षकलाई हेर्ने दृष्टिमा पनि क्रमिक रुपले सुधार हुँदै आउँदछ ।

हाम्रो देशमा अधिकांश शिक्षण संस्थाहरुमा शिक्षकले खेल्ने भूमिका भनेको उसले कक्षा कोठामा गएर दिने भाषण हो । यही भाषण पनि उसको विषय विज्ञतामा भर परेको हुन्छ । जुन विषय शिक्षण गर्नुपर्ने हो त्यो विषयमा पनि पोख्त नभएपछि शिक्षाको गुणस्तरमा धक्का लाग्ने नैं भयो । आफ्नो विषयमा पोख्त मूल्याङ्कन गर्न थाल्छन र शिक्षकप्रतिको नकारात्मक धारणामा वृद्धि हुन्छ । योग्यता पनि छ, सुविधाहरु पनि छ तर पनि शिक्षकले कक्षामा राम्ररी पढाउन सकिरहेका छैनन् ? किन त ? (वाग्ले, २०६५)

विद्यालय तहको शिक्षाको विकास गर्न र शिक्षाको गुणस्तर उकास्ने जिम्मेवारी कुनै पनि शिक्षकको हातमा रहन्छ । घर पछिको पहिलो घरको रुपमा विद्यालयलाई लिने गरिन्छ र अभिभावक शिक्षकलाई मानिन्छ । यसरी शिक्षकले जस्तो किसिमको ज्ञान, सीप, व्यवहार देखाए विद्यार्थीहरुले पर्ना त्यस्तै सिक्दछन् । शिक्षक आफूले पढाउने विषयमा जति दक्ष र सक्षम हुन्छन् त्यसबाट प्राप्त प्रतिफल पनि उच्च नै हुन्छ ।

शिक्षण पेशा एक प्राविधिक कार्य हो । जुनसूकै कार्य सम्पन्न गर्नको लागि कुनै न कुनै प्रकारको विशेष सीप, ज्ञान, दक्षता आदिको आवश्यक हुन्छ । शिक्षण कार्यलाई प्राविधिक रुप दिनको लागि शिक्षणमा पेशागत दक्षताको पनि आवश्यक पर्दछ । त्यसैले आधारभूत सिद्धान्तहरुको उपयोग गर्दै शिक्षणलाई अर्थपूर्ण, व्यवहारिक प्रभावकारी एवम् उद्देश्यमूलक बनाउन सक्नुपर्दछ । कुनै पनि शिक्षकले शिक्षण कार्य गर्दा किन पढाउने, के पढाउने र कसरी पढाउने भन्ने कुरालाई ध्यान राख्दै शिक्षण सिकाई क्रियाकलाप गर्नु पर्दछ ।

प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरुमा रहेको योग्यता एवम् क्षमतालाई समय सापेक्ष रुपमा नवीकरण, सवलीकरण एवम् अद्यावधिक गर्दै कक्षाकोठाको शिक्षणमा तात्विक परिर्वतनलाई विद्यार्थीको उपलब्धि स्तरमा स्पष्ट सुधार ल्याउन शिक्षकहरुको पेशागत विकास गर्नुपर्दछ । यसै कुरालाई मध्यनजर गर्दै विद्यालयमा कार्यरत शिक्षकहरुलाई आफैले आफ्नो मूल्याङ्कन गर्ने, कक्षाकोठा तथा शिक्षण सिकाईमा आवश्यक ज्ञान, सीपमा पहुँच हासिल गर्न, नियमित स्वध्ययन र पठन संस्कृतिको विकास गरि अर्थपूर्ण अभ्यासमा सरिक हुने जस्ता विधिहरु मार्फत निरन्तर पेशागत विकास गर्ने प्रचलन कायम गर्नु पर्दछ ( T.P.D. कार्यान्वयन पुस्तिका, २०६७)

उच्च स्तरिय शिक्षा आयेगको प्रतिवेदन २०५५ अनुससार महिला र पुरुष बीचको वर्तमान असमान शैक्षिक स्तरलाई मध्यनजर राख्दै नेपालको शिक्षा आयोगको इतिहासमा महिला शिक्षा सम्बन्धि छुट्टै परिच्छेद आफ्नो प्रतिवेदनमा पेश गरेको छ । प्रतिवेदनमा अझै पनि नेपालका ६० प्रतिशत बालबालिकाहरुले निरक्षरता र लैङ्गिक भिन्नता हुनु, गरिबी हुनु जनचेतनाको कमी हुनु, महिला शिक्षकहरुको कमी हुनु साथै वि. सं. २०५५ साल भन्दा अगाडीको शिक्षा प्रणाली अव्यावहारिक हुनु हो भनेको छ । यी विविध अवस्थाहरुलाई सुधारेर महिला पुरुष बीचको शैक्षिक असमानताको खाडललाई न्यून गर्दै लैजानको लागि विभिन्न सुझावहरु मध्ये प्रत्येक विद्यालयमा अनिवार्य रुपमा महिला शिक्षकहरुलाई राख्ने, शिक्षण संस्थानका निकायहरु बीचमा पढाउनको लागि प्रधानाध्यापक, सुपरिवेक्षण, जिल्ला शिक्षा अधिकारी र सुपरिवेक्षणमा क्रमशः महिलाहरुको संख्या बढाउने, महिला सशक्तिकरण कार्यक्रमहरु संचालन गर्ने, साक्षरता अभियान मार्फत महिला सहभागितामा वृद्धि गर्ने

शिक्षाका प्रत्येक तहमा महिला छात्रवृतिको व्यवस्था गर्ने कुराहरु प्रमुख छन् । (शिक्षा विभागद्वारा गरिएको अध्ययनहरुको प्रतिवेदन, २०६५/०६६)

नेपाल राष्ट्रिय शिक्षा पद्धतिको योजना अनुसार नेपालमा प्रथम पटक शिक्षण पेशाको लागि Academic Qualification/Professional Qualification निर्धारण गरि यी दुवै प्रकारका योग्यता प्राप्त व्यक्तिहरु मात्र विद्यालयको योग्य शिक्षक बन्न सक्ने नीति अवलम्बन गरेको थियो । यस अन्तर्गत विद्यालय तहका लागि तोकिएको प्राज्ञिक योग्यताको साथै १० महिने अर्थात् एक वर्षे पेशागत योग्यता अनिवार्य गरियो जसले शिक्षकहरुको पेशागत विकासमा सहयोग पुऱ्याएको छ ।

सन् १९८० मा Seti Project and Rural Development Project, Radio Education, Teacher Training, Science Education Project लगायतका कार्यक्रमहरु अन्तर्गत १० दिनदेखि २.५ महिना अवधिसम्मका शिक्षक तालिम संचालन गऱ्यो । जसले शिक्षकहरुको पेशागत ज्ञान, सपि र प्रवृत्ति विकासमा सहयोग पुऱ्याएको पाइन्छ ।

तत्कालीन अवस्थामा अधिकांश विद्यालयमा कार्यरत शिक्षकहरु पेशागत योग्यतावीहिन रहेकोले यस्ता शिक्षकहरुलाई आधारभूत सीप प्रदान गरि शिक्षण सिकाइ कार्यको न्यूनतम गुणस्तर कायम गर्ने तालिम संचालन गरि शिक्षण प्रक्रिया र पेशागत विकासमा सहयोग पुऱ्याउनु हो ।

सन् १९९२ देखि प्राथमिक शिक्षा विकास परियोजनाले प्राथमिक तहको लागि र माध्यामिक शिक्षा विकास कार्यक्रमले माध्यामिक तहका लागि १० महिने शिक्षक तालिमको आवश्यकतालाई पुनरावृत्ति गरि यसको विस्तारित रुपमा संचालनका लागि नीतिगत भौतिक, संस्थागत पाठ्यसामग्री एवम् कार्यक्रमगत पूर्वधार निर्माण गरि शिक्षकहरुको पेशागत ज्ञान विकासमा सहयोग पुऱ्याएको थियो । (शिक्षक मासिक, २०६६)

सबैको लागि शिक्षा कार्यक्रम (२००१-२०१५) द्वारा सन् २००९ सम्ममा ९९ प्रतिशत शिक्षकहरुलाई तालिम प्राप्त गराइसक्ने लक्ष्य निर्धारण गरेबमोजिम र तालिम नीति २००५ द्वारा विद्यालय तहमा कार्यरत सम्पूर्ण शिक्षकहरुलाई १० महिने तालम प्राप्त तुल्याउने नीति लिइयो (T.P.D.) कार्यान्वयन पुस्तिका, २०६७)

हाल विश्वव्यापी रुपमा शिक्षकहरुको पेशागत विकासको सम्बन्धमा चासो र सहयोगहरु बढ्दै गएको पाइन्छ । सन् १९९० को दशकको सुरुदेखि नै व्यापक रुपमा शिक्षकहरुको पेशागत विकासमा अभ्यासहरु र नमुनासँग सम्बन्धित अनुसन्धान प्रतिवेदन र लेख रचना प्रकाशित हुदै आएको पाईन्छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास साझेदारहरुले पनि शिक्षकको पेशागत विकासलाई उच्च महत्व दिँदै विभिन्न आयोग तथा कार्यदल निर्माण गरी शिक्षा सिकाइलाई कसरी प्रभावकारी बनाउने विषयमा अध्ययन अनुसन्धान गरेको पाइन्छ । त्यसैगरी विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्गठनहरु तथा सरकारी तथा गैरसरकारी निकायले पनि शिक्षकहरुको पेशागत विकासमा सुधार ल्याउन सक्रियताका साथ विभिन्न कार्यक्रमहरु संचालन गर्दै आएका छन् । हाल आएर हरेक शैक्षिक योजनाहरु निर्माण तथा कार्यान्वयन गर्दा शिक्षकको पेशागत विकासलाई एउटा रुपमा लिने गरिएको छ । वर्तमान समयमा शिक्षकको पेशागत विकासलाई परम्परागत रुपमा नहेरी नयाँ दृष्टिकोणबाट हेर्ने गरेको पाइन्छ । (शिक्षा पत्रिका, २०६६)

नेपालको शैक्षिक विकास प्रक्रियामा समुदायको महत्वपूर्ण भूमिका रहदै आएको विधिवत नै छ । वर्तमान अवस्थामा पनि विद्यालयमा विद्यार्थी एवम् अभिभावकहरुको संलग्नता बढाउने, विद्यालयमा पहुँच, गुणस्तर एवम् साक्षरता अभिवृद्धि गर्नको लागि नेपाल सरकार र विश्व बैकंको सयुक्त प्रयासमा ३ वर्षे सामुदायिक विद्यालय सहयोग कार्यक्रम आ.व. २०६०।६१ बाट सुरु भएको पाइन्छ । शिक्षा विकासको लागि विभिन्न आयागहरुको गठन भई तिनिहरुको प्रतिवेदनको सिफारिसहरुलाई कार्यान्वयन गर्दै लैजाने क्रममा समयको माग अनुसार परिवर्तन हुदै आएको पाइन्छ । राष्ट्रिय शिक्षा पद्धति योजना २०२८-३२, राष्ट्रिय शिक्षा आयोग २०४९ र उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५ प्रमुख हुन् । (रा. शि. आ. प्रतिवेदन, २०४९)

उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ ले महिला र पुरुषको वर्तमान असमान शैक्षिक स्तरलाई ध्यानमा राखी नेपालमा शिक्षा आयोगहरुको इतिहासमा पहिलो पटक महिला शिक्षा सम्बन्धि छुट्टै परिच्छेद आफ्नो प्रतिवेदनमा पेश गरेको छ । प्रतिवेदनमा ६० प्रतिशत केटीहरुले प्राथमिक विद्यालयहरुनै देख्न नपाएको उल्लेख गर्दै यसको प्रमुख समस्या तथा मुद्दाहरु छोरीको शिक्षा प्रति घरपरिवार र बाबुआमाको

नकारात्मक सोचाई हुनु, व्यापक निरक्षरता र लैङ्गिक असमानता हुनु, गरिबी हुनु, गाँउ गाउँमा अगुवा एवं प्ररक महिलाको कमी हुनु हो । (शिक्षा पत्रिका, २०६६)

शिक्षकको पेशागत अवस्थालाई एउटा व्यक्तिको पेशागत भूमिकाको विकासको रुपमा हेर्ने गरिन्छ । यस अन्तर्गत तालिम, कार्यशाला, विषयगत शिक्षक बैठकहरु, अनुगमन, अवलोकन तथा सुपरिवेक्षण जस्ता कार्यक्रममा सहभागी भई प्राप्त भएका औपचारिक तथा शैक्षिक क्षेत्रसँग सम्बन्धित प्रकाशनहरु पढेर, रेडियो सुनेर, टेलिभिजन हेरेर प्राप्त हुने अनौपचारिक अनुभवहरु समेतले शिक्षकहरुको पेशागत विकासमा सहयोग पुऱ्याउँदछ । ( घिमिरे, २०६६)

## १.२ समस्याको कथन

समस्याको कथन भन्नाले अनुसन्धान विषयलाई समस्यात्मक रुपमा प्रस्तुत गर्नु हो । यसमा समस्याको विषयमा के, कसरी, किन, जस्ता समस्याहरुको निर्माण गरिन्छ । एक असल समस्यको कथनमा अनुसन्धानकर्ताले चाहेका अध्ययनका चरहरुको पहिचान, चरहरुको बीचको सम्बन्धलाई के, कसरी, किन जस्ता प्रश्नहरुमा आधारित भएर निर्माण गरिएको हुन्छ ।

शिक्षण पेशालाई एउटा महन्वपूर्ण साथै जिम्मेवारी पेशाको रुपमा लिदै आएको पाइन्छ । एउटा शिक्षकले हजारौं बालबालिकाहरुको सुनिश्चित भविश्य निर्माण गर्नुको साथै शैक्षिक मानवीय संसाधन निर्माण गर्ने कार्य गर्दछन् । शिक्षक एक शिक्षण पेशामा संलग्न व्यक्ति हो जुन शैक्षिक गुणले युक्त पनि हुनु पर्दछ । कुनै पनि असल शिक्षक राष्ट्रका लागि मार्गदर्शक बन्न सक्दछ ।

भनिन्छ "जग बलियो भए घर बलियो हुन्छ" यसर्थ प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरुको पेशागत दक्षता, विषयवस्तुको ज्ञान आदिमा निपूर्ण भए मात्र विद्यालयमा अध्ययनरत विद्यार्थीको सिकाई उपलब्धि पनि राम्रो हुन्छ । शिक्षण पेशामा भने जस्तो दक्षता नभई केही कमी कमजोरीहरु रहेका छन् जसका कारण बालबालिकाहरुको भविष्य अन्धकार हुन सक्दछ अर्थात् भविष्यमा यो समस्याले बालबालिकाहरुको शैक्षिक पक्षमा नकारात्मक असर पर्ने हुनाले यो एउटा टड्कारो समस्याको रुपमा रहेको पाइन्छ ।

शिक्षण पेशा सम्मानित र मर्यादित पेशा हो तर शिक्षण पेशालाई अन्य पेशाको तुलनामा केही नराम्रो दृष्टिकोणले हेर्ने गरिन्छ । त्यसमा पनि शिक्षकहरुको त्यस पेशा अपनाउँदा उनीहरुलाई समाजले हेर्ने दृष्टिकोण, सरोकारवालाले हेर्ने दृष्टिकोण र शिक्षकहरुले गर्ने कार्य, शिक्षण कार्यमा देखिएका विविध समस्याहरुले शिक्षकहरु अगाडी बढ्न नसकेको पनि हुन सक्छ । शिक्षकहरु स्वयम् पनि यस पेशामा पूर्ण रुपले सर्मपित हुन नसकेको विद्यामान चुनौतिहरुसँग जुधिँ पेशालाई सहज रुपमा संचालन गर्न कठिनाई परेको र कार्यप्रति सकारात्मक दृष्टिकोण विकास हुन नसकेको भन्ने आरोप पनि नआएको होइन यस्तो अवस्थामा शिक्षकको कार्यप्रतिको दृष्टिकोण, उनीहरुले शिक्षण पेशा भोगेका समस्याहरु, उनीहरुको कार्यप्रतिको प्र.अ., विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु, अभिभावक, विद्यार्थी, वुद्धिजिवी व्यक्तिहरुको दृष्टिकोणको बारेमा अध्ययन गर्नु ज्यादै आवश्यक देखिन्छ । ती समस्याहरुलाई पहिचान गर्न निम्न प्रश्नहरुद्वारा आवश्यक जवाफ प्राप्त गर्न खोजिने छ ।

१. शिक्षकका कार्यहरु के के हुन् ?

२ शिक्षकहरुको पेशा प्रति सरोकारवाला हेर्ने दृष्टिकोण कस्तो छ ?

३. शिक्षकहरुको विद्यालयमा नियमिता छ कि छैन ?

४. बालबालिकाहरु प्रति गर्ने व्यवहार कस्तो छ ?

५. शिक्षकहरुमा विषयवस्तुको ज्ञान, शिक्षण सामग्रीको प्रयोग, सीप, शैक्षिक योजना तथा मूल्याङ्कन सीपको अवस्था कस्तो छ ?

६. अनुशासन र आचरणको अवस्था कस्तो छ ?

७. विद्यालयप्रति गर्नुपर्ने दायित्वको कस्तो छ ?

८. शिक्षकहरुले भोगेका समस्याहरु के कस्ता छन् ?

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्यहरु निम्नानुसार रहेका थिए :

१. प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरुको कार्यप्रति सरोकारवालाहरुको दृष्टिकोण पत्ता लगाउनु ।

२. प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरुले भोगेका समस्याहरु पत्ता लगाउनु ।

## १.४ अध्ययनको औचित्य

प्राथमिक तह भनेको अति महत्वपूर्ण संवेदनशील र आधारभूत तह हो किन की यस तहबाट नै कुनै पनि बालबालिकाहरुको भविश्यको रेखा कोरिन्छ । यस तहमा बालबालिकाले सही मार्ग पहिल्याउन सके भने मात्र उनीहरुको सर्वाङ्गीण विकास हुन सक्दछ । बालबालिकाहरुलाई सही मार्गमा हिडाउने कार्य भनेको त्यस विद्यालयमा पढाउने शिक्षकहरुको हुन्छ । यदि शिक्षकहरुले गलत मार्गबाट बालबालिकाहरुलाई हिडाउन थाले भने भविश्यमा ती बालबालिकाहरुको जीवन एउटा अन्धकारमय मोडमा रहेको हुन्छ । यस्तो अवस्थामा ती शिक्षकहरुलाई समाज, अभिभावक, स्थानीय वुद्धिजीवी, स्थानीय राजनीतिक दलका प्रतिनिधिहरु आदिले उनीहरुको कार्यलाई हेर्ने दृष्टिकोणमा परिवर्तन हुन थाल्छ । यसर्थ ती शिक्षकहरुले सतर्कता अपनाएर शिक्षण कार्य गर्नुपर्ने हुन्छ । भनिन्छ - 'जस्तो गुरु, उस्तै चेला' हुन पनि हो कुनै पनि गुरुले जस्तो किसिमको ज्ञान प्रदान गऱ्यो शिक्षकहरुले पनि त्यही अनुसार सिक्छन् । त्यसैले बालबालिकाहरुको भविश्य कुनै पनि शिक्षकको हातमा हुन्छ । अतः कुनै पनि शिक्षकमा ज्ञान, सीप, प्रवृत्तिको महत्वपूर्ण स्थान रहेको हुन्छ । यसरी शिक्षकले बालबालिकाहरुमा उनीहरुको सिकाईप्रति रुचि, दक्षता, उमेर, मनोभावना अनुसारको शिक्षण गर्न सदैव उच्च र प्रभावकारी भूमिका निर्वाह गर्नुपर्दछ । यसर्थ यस अध्ययनले निम्नलिखित व्यक्ति, संघ, संस्था, विभिन्न निकायहरुलाई आफ्नो कार्य सम्पन्न गर्न गराउनको लागि सहयोग पुऱ्याउने छ ।

i) विद्यालयमा कार्यरत शिक्षकहरुको कार्यप्रति सरोकारवालाको दृष्टिकोण कस्तो रहेको छ भन्ने कुराको जानकारी पाउनको लागि उपयोगी हुनेछ ।

ii) यस अध्ययन दुई विद्यालयबीचको शैक्षिक स्तरको लेखाजोखा गर्नको लागि पनि मद्दत पुग्नेछ ।

iii) प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरुले शिक्षण पेशामा भोगेका विविध समस्याहरुको बारे र ती समस्या समाधान गर्न के कस्ता उपायहरु अवलम्वन गर्न सकिन्छ भन्ने कुरा सम्बन्धित क्षेत्रलाई जानकारी गर्नेछ ।

iv) प्राथमिक विद्यालयमा कार्यरत शिक्षकको कार्यप्रतिको सरोकारवालाको धारणा र शिक्षण समस्याका बारेमा अध्ययन गर्न चाहने अनुसन्धानकर्ताका लागि आधार बन्नेछ ।

v) प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरुलाई आफ्नो कमिकमजोरीको ज्ञान दिलाई अघि बढ्न सहयोग हुनेछ ।

vi) प्राथमिक विद्यालयमा शिक्षण सिकाईलाई प्रभावकारी बनाउन चाहने पक्षहरुलाई आधार प्रदान गर्नेछ ।

vii) यस अध्ययनले शिक्षकहरु, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, अभिभावक, शिक्षाप्रेमीहरु, श्रोत व्यक्ति, निरीक्षक, विद्यार्थी साथै यस विषयसँग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा चासो राख्ने सम्पुर्ण पक्षलाई समेत सहयोग पुऱ्याउनेछ ।

## १.५ अध्ययनको परिसीमा

कुनै पनि अध्ययनको निश्चित सीमा हुन्छ । अध्ययन कार्यलाई सीमा भित्र राख्न सकिएमा अध्ययन सहज र सरल हुन्छ । साथै निश्चित लक्ष्य सम्म पुग्न सहयोग गर्दछ । त्यसैले समय, अर्थ र श्रोतलाई ध्यानमा राख्दै यस अध्ययनलाई निम्न सीमाभित्र सीमित गरिएको थियो ।

i) यो अध्ययनको क्षेत्रको रुपमा नवलपरासी जिल्लाको दुम्किबास गा.वि.स.मा मात्र सीमित रहेको थियो ।

ii) यो अध्ययन नवलपरासी जिल्लाको दुम्किबास गा.वि.स. भित्रका प्राथमिक विद्यालयहरुमध्ये एक वटा सामुदायिक प्राथमिक विद्यालय र एक वटा संस्थागत प्राथमिक विद्यालयलाई मात्र छनौट गरिएको थियो ।

iii) यो अध्ययन छनौटमा परेका विद्यालयका शिक्षकहरु, प्र.अ., विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, अभिभावक, विद्यार्थी, स्थानीय वुद्धिजीविहरुमा सीमित रहेको थियो ।

iv) यो अध्ययन प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरुको कार्यप्रति सरोकारवालाहरुको दृष्टिकोण, शिक्षकहरुले भोगेका समस्याहरु बारेमा मात्र सीमित रहेको थियो ।

# अध्याय दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

अध्ययन अनुसन्धानलाई सफलता प्रदान गर्न र बाटो देखाउन सान्दर्भिक पूर्वसाहित्यको वा शोधहरुको अध्ययन र समिक्षा गर्नु कुनै पनि अध्ययनको एउटा महत्वपूर्ण पक्ष हो । अनुसन्धानकर्ताले कुनै पनि विषयबस्तुसँग सम्बन्धित भएर जुन अध्ययन गर्न चाहेको छ सो समस्यको आधारशीला त्यसको सैद्धान्तिक संरचना र त्यस विषयमा आएका पूर्व सिद्धान्तहरुको समिक्षा गर्नु एक महत्वपूर्ण कार्य हो ।

कुनै पनि शिक्षकहरुमा रहेको योग्यता एवं क्षमतालाई समय सापेक्ष रुपमा नवीकरण, सबलीकरण एवं अद्यावधिक गर्दै कक्षाकोठाको शिक्षणमा तात्विक परिवर्तन ल्याई विद्यार्थीहरुको उपलब्धि स्तरमा सुधार ल्याउनु पर्ने कुरामा जोड दिईएको छ । यही कुरालाई मध्यनजर राख्दै शिक्षा क्षेत्रमा अग्रगामी सुधार गर्ने उद्देश्यले विद्यालय क्षेत्र सुधार कार्यक्रमले शिक्षकहरुको पेशागत विकासका नीति तथा कार्यनीतिहरुको व्यवस्था गरेको छ । (T.P.D. कार्यान्वयन पुस्तिका, २०६७)

शिक्षकहरुको पेशागत विकासलाई एउटा प्रमुख अवयवको रुपमा लिने गरिन्छ । पेशागत विकासलाई एउटा व्यक्तिको पेशागत भूमिकाको विकासको रुपमा हेरेको पाइन्छ । शिक्षकहरुको पेशागत विकासलाई परम्परागत रुपमा नहेरी नयाँ दृष्टिकोणबाट हेर्नु पर्ने कुरामा जोड दिइएको छ । साथै शिक्षण पेशामा नवप्रवेशी शिक्षकहरु देखि सेवानिवृत्त हुन लागेका शिक्षकहरुका पेशागत विकासका लागि विभिन्न नमूनाहरुको विकास गरी कार्यान्वयनमा पनि ल्याइएका छन् । (घिमिरे, २०६६, शिक्षा पत्रिका)

शिक्षकहरुको शिक्षण पेशामा बाधक तत्वमा ठुला कक्षाकोठा शैक्षणिक सुविधाहरुको कमी आर्थिक र सामाजिक स्थितिको कमी अपर्याप्त स्रोत साधन आदि उल्लेख गरेका छन् यी कमीहरुलाई सुधार वा पुरा गर्न सके मात्र शिक्षक कार्यप्रति उत्तरदायी हुन सक्ने कुरा उल्लेख गरेका छन् । (कर्मचार्य, २०३९)

शिक्षण एक पेशा हो । पेशा त्यस्तो कार्य हो जसमा विशिष्ट वौद्धिक अध्ययन, तालिम र अभ्यासको आवश्यकता पर्दछ । शिक्षण पेशालाई सफलतापूर्वक कार्यान्वयन गर्न गराउन एउटा शिक्षकको काम हो । असल शिक्षकले प्रभावकारी शिक्षण गर्न विभिन्न कुराहरुको आवश्यकता पर्दछ । शिक्षण कार्य भनेको मानवीय व्यवहार सँगको प्रत्यक्ष अन्तरक्रिया हो । मानवीय क्रियाकलापहरु सँगको अन्तरक्रिया सबै कार्यहरु भन्दा जटिल कार्य हो । यसको लागि शिक्षकमा विजशेष कलाको आवश्यकता पर्दछ । त्यसैले भनिन्छ शिक्षण एक कला हो र शिक्षक कलाकार हो । शिक्षण कार्यका लागि विभिन्न सिद्धान्तहरुको निर्माण भएको छ । उपयुक्त सिद्धान्त अनुसारको शिक्षण विधिको छनौट गर्न सक्नुपर्दछ अर्थात् शिक्षकले मनोवैज्ञानिक विश्लेषण पद्धति अनुसार विद्यार्थी मस्तिष्कमा शिक्षणको छाप पार्न सक्नुपर्दछ ।

शिक्षालाई सर्वसुलभ बनाई प्रभावकारी ढंगबाट कार्यान्वयन गर्न नेपालमा विभिन्न राष्ट्रिय शिक्षा आयोगहरुको गठन गरेको पाइन्छ । नेपाल राष्ट्रिय शिक्षा आयोग (२०१०) ले नेपालमा शिक्षा नामक प्रतिवेदन पेश गरेको थियो । जसमा प्राथमिक शिक्षा निशुल्क अनिवार्य र ५ वर्षे समय अवधिको हुनुपर्ने सिफारिस गरेको थियो । त्यसैगरी सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको प्रतिवेदन (२०१८) ले पनि प्राथमिक शिक्षा निशुल्क र अनिवार्य तथा देशभर एकै प्रकारको शिक्षा पद्धति लागु गर्नुपर्ने कुरामा जोड दिएको थियो । राष्ट्रिय शिक्षा सल्लाहकार परिषद २०२४ ले खासै उल्लेखनीय योगदान दिन नसके पछि वि.सं. २०२८ सालमा राष्ट्रिय शिक्षा पद्धति योजना (२०२८-३२) को गठन भयो जसलाई नयाँ शिक्षा योजनाको नामले पनि चिनिन्छ । यसले कक्षा १-३ सम्मलाई प्राथमिक विद्यालयको संरचना भित्र राखेको थियो । वि.सं. २०४९ सालमा राष्ट्रिय शिक्षा आयोगको गठन भयो । यस आयोगले कक्षा १-५ सम्मलाई प्राथमिक तह मानेको थियो भने विद्यालयमा प्रवेश गर्ने उमेर ५ वर्ष पूरा गरेको हुनुपर्ने प्रावधान राखेको थियो । उच्च स्तरीय राष्ट्रिय शिक्षा आयेगको प्रतिवेदन (२०५५) ले प्राथमिक शिक्षा सर्वसूलभ पहुँच, नयाँ भर्ना १० वर्ष उमेर सम्मका बालबालिकाहरुको विद्यालय शिक्षामा निरन्तरता र उच्च शैक्षिक उपलब्धिको क्षेत्रमा विशेष प्राथमिकता दिनुपर्ने कुरामा जोड दिएको छ । (शर्मा, २०६५)

प्राथमिक शिक्षालाई सर्वसूलभ गरी यसको गुणात्मक पक्ष वृद्धि गर्ने हेतुले ग्रामीण विकासका लागि सेती परियोजना (सन् १९८१-१९९१) र प्राथमिक शिक्षा परियोजना (सन्

१९८४-१९९२) ले सफलता पूर्वक सञ्चालन गरेको कार्यक्रमहरुको अनुभवको आधारमा सन् १९९२ मा आधारभूत तथा प्राथमिक शिक्षा परियोजना (Basic and Primary Education Project) सञ्चालन भएको थियो । यो परियोजनालाई अन्तर्राष्ट्रिय विकास संस्था (IDA) को ऋण सहायता र डानीडा युनिसेफ, युएनडिपी र जाइकाको अनुदान सहयोगमा यस परियोजनाले श्रोत केन्द्रहरु मार्फत कार्यक्रम सञ्चालन गर्ने अवधारणा लिएर कार्य गर्‍यो । (श्रेष्ठ, २०६७)

नेपालको परिप्रेक्ष्यमा शैक्षिक पेशा एक प्राचीन व्यवसाय मानिन्छ । पश्चिमी मुलुकमा जस्तै नेपालमा पनि शिक्षण पेशा अठारौं शताब्दीसम्म विकसित थिएन । पहिले गुरुबाट शुरु भएको शिक्षण पेशा पूर्ण रुपमा धार्मिक आधिपत्यद्वारा प्रभावित थियो । नेपालको शैक्षिक इतिहास अनुसार शिक्षण पेशा व्राह्मणहरुद्वारा एकाधिकार बनाइएको थियो । परम्परागत रुपमा शिक्षण व्राह्मणहरुको जन्मसिद्ध अधिकार मानी उनीहरुलाई गुरु भनिन्थ्यो । शिक्षण गर्ने शिक्षकहरुले कुनै वौद्धिक ज्ञानको मापन थिएन । हिन्दु धर्म अनुसार व्राह्मणलाई गुरु, शिक्षक, इश्वर भनी सम्बोधन गरिन्थ्यो । त्यो संस्कृत शिक्षा प्रणालीको युग थियो । (शर्मा एण्ड शर्मा, २०६७)

समग्रमा भन्नुपर्दा पेशा भन्नासाथ विशेष योग्यता र तालिम प्राप्त विशेषज्ञको ज्ञानबाट प्राप्त हुने सेवा भन्ने बुझिन्छ । शिक्षण कार्यमा सीमित रही शिक्षण पेशाको कुरा गर्दा यसले निम्न कुराको प्रतिनिधित्व गर्दछ । के पढाउने ? कसले पढाउने ? कसलाई पढाउने ? कसरी पढाउने ? किन पढाउने ? कहिले पढाउने ? कहाँ पढाउने ? आदि शिक्षकले आफ्नो पेशामा यी कार्यहरु गर्नका लागि प्रचलित दर्शन, सामाजिक पद्धति र संस्कार, शिक्षा पद्धति बालमनोविज्ञान, शिक्षण सिकाई सिद्धान्तहरु, शैक्षिक उद्देश्य, शिक्षण सामग्री, शिक्षण विधि, मूल्याङ्कन, अनुशासन, नियमितता आदि शिक्षण पेशाका आधारभूत तत्वहरुको बारेमा राम्रो ज्ञान हासिल गरेको हुनुपर्दछ । यस्तो ज्ञानबाट शिक्षकले शिक्षणको निपुणता प्राप्त गर्दछ । जसलाई शिक्षण पेशाको सीप मानिन्छ । अतः समाजका विविध जातजाती, धर्म संस्कृति, व्यक्तिगत विभिन्नता र विविध आचरणबाट सिकाई सिक्न आएका विद्यार्थीहरुको मानवीय मस्तिष्कसँग अन्तरक्रिया गरी सफल शिक्षक बन्नु सजिलो कार्य होइन । (शर्मा एण्ड शर्मा, २०६७)

सामान्यतया पेशा भन्नाले जीवन मापनको निम्ती अपनाइएको मुख्य काम वा जिविकाको निम्ति गरिने कामलाई बुझिन्छ । पेशा शब्दले इलम, व्यवसाय, उद्योगधन्दा, आदिलाई बुझाउँदछ । मानिसले आफ्नो जीवन यापन गर्न पाउने विविध पेशामध्ये शिक्षण पनि एक प्रकारको पेशा हो । तर यो पेशा अन्य पेशा भन्दा पृथक् स्वभाव र प्रकृतिको अरु पेशा भन्दा यस पेशाको लागि पेशागत दक्षता आवश्यक पर्दछ । शिक्षण कार्य आफैमा एक प्राविधिक पेशा भएकोले यसमा प्राविधिक सीपको आवश्यकता पर्दछ । शिक्षण कार्य भनेको शिक्षा आदानप्रदान गर्ने प्राज्ञिक स्वरुपको पेशा हो । तसर्थ यसमा विशेष क्षमता र सीपको आवश्यकता पर्दछ । शिक्षण पेशामा आउने नयाँ नयाँ जानकारी लिई समस्या र चुनौति विरुद्ध जुध्नको लागि पेशागत अभिवृद्धि आवश्यक हुन्छ । (गौतम, २०६७)

शिक्षकको पेशागत दक्षता अभिवृद्धि कार्यगत अनुसन्धानको सहयोग नामक लेखका अनुसार कुनै पनि शिक्षकलाई पेशागत दक्षताको वृद्धिमा सधैं सकृय गराउनको लागि उनीहरुको ज्ञान, सीपलाई ताजापन र समय सान्दर्भिक बनाउनुपर्ने हुन्छ । अनुसन्धनात्मक कार्यलाई शिक्षकको पेशागत दक्षता अभिवृद्धिको अनिवार्य साधनको रुपमा वर्तमान समयमा ज्यादै प्रचलनमा रहेको छ । त्यसैले भनिन्छ यदि तपाई ज्ञानको भोगबाट ग्रसित हुनुहुन्छ भने त्यसको खोजी गर्नुस् यो तपाई दैनिक प्रयोग र त्यसको लाभांश दिने समुदायसँग छ । यदि कितावी ज्ञानको खोजी गर्दै हिड्छौं भने त्यो नक्कल मात्र हो र यसबाट विकास सम्भव छैन । विकासको सन्दर्भमा ज्ञानको अन्वेषण गर्ने र त्यसलाई विस्तार गर्ने थलो विद्यालय अथवा समाज हो । यसको दैनिक मात्र शिक्षक हुन् । शिक्षकको वृद्धि विकास भर्ना वा पेशागत दक्षताको उचाई निर्माण भनौ यी पक्षहरुको समाधान र विकास विस्तारको लागि शिक्षकहरुलाई अनुसन्धानात्मक क्रियाकलापमा सक्रिय गराउन आजको नवीनतम शिक्षक विकासको अवधारणा भित्र पर्दछ । (अर्याल, २०६६)

गुणस्तरीय शिक्षामा प्रत्यक्ष रुपले प्रभाव पार्ने कारक तत्व शिक्षक पनि हो । पाठ्यक्रमको प्रभावकारी कायान्वयन गरी पाठ्यक्रमले तोकेका सिकाई उपलब्धिहरु विद्यार्थीहरुमा हासिल गराउन विद्यार्थी केन्द्रीत शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्ने, विद्यार्थी केन्द्रीत शिक्षण उपागम (Approach) विधि र तरिकाहरुको प्रयोग गर्ने, विद्यार्थीहरुको सिकाईअनुभवलाई महत्व दिई अन्तरक्रिया तथा छलफलका माध्यमबाट ज्ञान निर्माणको अवसर दिने, अभ्यासबाट विभिन्न सीपहरुको विकास गर्ने अवसर प्रदान गर्ने,

बालमैत्री सिकाई वातावरणको सिर्जना गर्ने आदि कार्य शिक्षकको दायित्व भित्र पर्दछ । शिक्षक यी कुराहरुमा सक्षम हुनुपर्दछ । यसका लागि शिक्षकले एकातिर आफूलाई सधै भरी सिकारुका रुपमा लिई सिक्न उत्सुक हुन, कार्यप्रति गौरव गर्न, कार्यप्रति समर्पित र अभिप्रेरित हुन सक्नुपर्दछ भने अर्कोतिर शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक संघ, विद्यालय निरिक्षक, श्रोत व्यक्ति, अभिभावक, समुदाय, प्रशिक्षक आदिबाट पेशागत, प्राविधिक व्यवस्थापकीय आदि सहयोगको आवश्यकता पर्दछ । (सिन्हा, २०६५)

विद्यालय सामाजिक संस्था हो । यो सबैको साझा सम्पत्ती हो । आफ्ना छोराछोरीको समूचित शिक्षा दीक्षाका लागि समाजका व्यक्तिहरु मिलि विद्यालयको स्थापना गर्दछन् । यसलाई चाहिने आवश्यक साधन र श्रोत जुटाउँछन् । नेपाल सरकारले विद्यालयको सञ्चालनको लागि दिइने आर्थिक अनुदानको व्यवस्था गरेको छ भने अन्य भौतिक सुविधाहरुको व्यवस्था समुदायबाट प्राप्त भएको हुन्छ । आफ्ना छोराछोरीको शिक्षा राम्रो होस् भन्ने चासो अभिभावकहरुले राख्दछन् । विद्यालयको कुनै पनि समस्या छ भने तुरुन्त समापन गर्न अग्रसर हुन्छन् । विद्यालयको पनि समाज प्रति उत्तिकै जिम्मेवारी हुन्छ । समाजमा शिक्षित अशिक्षित दुवै प्रकारका व्यक्तिहरु बस्ने भएकोले शिक्षित शिक्षाको न्यानो घामबाट परिचित हुन्छ भने अशिक्षितहरुलाई पनि शिक्षाप्रतिको जागरुकता प्रदान गर्नु, शिक्षाको ज्योतीसँग परिचित गराउनु, समयसमयमा सामुदायिक कार्यक्रमहरुको आयोजना गरी समुदायलाई योगदान पुऱ्याउने कार्य विद्यालय र सम्पुर्ण शिक्षकहरुको हुन आउँदछ । ( देवकोटा, २०६५)

वाग्ले (१९९३) मा प्रकृतिवादी शिक्षकका अनुसार शिक्षण कार्य जटिल तथा चुनौपूर्ण कार्य भएकोले शिक्षक बालबालिका प्रति सदैव चिन्तित रहनु आवश्यक छ । शिक्षकमा धैर्य, सहिष्णुता, परिश्रम, निरन्तर अभ्यास, कलात्मक प्रस्तुति गर्ने क्षमता, समय अनुसार नयाँ नयाँ सोचाई र प्रविधिहरुको अध्ययन एवं शिक्षणमा तीनको प्रयोग गर्ने क्षमता हुनुपर्दछ । अतः आजका बालबालिकाको भविश्य शिक्षकमै निर्भर रहने हुनाले आफ्नो पेशागत दक्षताबाट नैं उनीहरुको जीवन सार्थक पार्न सदैव क्रियाशील रहनु जरुरी हुन्छ । यसै गरी प्रकृतिवादी दार्शनिक रुसोका अनुसार ‘विद्यार्थी एउटा पुस्तक हो जसको पन्ना शिक्षकले पढ्नुपर्दछ’ भन्ने विचार पाइन्छ ।

सामुदायिक विद्यालय तीनवटा खम्बामा जोडिएको हुन्छ, शिक्षक, समुदाय र सरकार । यी तैनै पक्षको सहकार्य, समन्वय र अन्तरसम्बन्धले सामुदायिक विद्यालय र त्यहाँका विद्यार्थीको भविश्य निर्धारण गर्दछ । एस.एल.सी. को रिजल्टले वर्षेनी देखाउने गरेको छ । हुने खानेले संस्थागत विद्यालयमा र हुँदा खानेले सामुदायिक विद्यालयमा पढाउने प्रवृत्ति परमपराकाको रुपमा विकास भएको छ । दिन प्रतिदिन सामुदायिक विद्यालय थाङ्ने माङ्नेहरुको विद्यालयको रुपमा परिणत हुने क्रम डर लाग्दो रुपमा विकसित हुँदै गएको छ । (श्रेष्ठ, २०६८)

## २.२ पूर्व अध्ययनहरुको पुनरावलोकन


पाण्डे (२०६७) ले प्राथमिक शिक्षकहरुका पेशागत गुण शीर्षकमा प्राथमिक शिक्षकका पेशागत गुणको अवस्था पहिचान र प्राथमिक तहमा अध्ययपनरत शिक्षकहरुले पेशा अवलम्बनमा भोगेका समस्याहरु पत्ता लगाउनको लागि सूचनाहरुको स्रोतमा अभिभावक, प्र.अ., स्रोत व्यक्ति, विद्यार्थी र शिक्षकहरुसँग अन्तर्वार्ता, छलफल र कक्षा अवलोकन फारामको प्रयोग गरि अध्ययन अनुसन्धान गरिएको थियो । यस अध्ययनबाट के देखिन्छ भने शिक्षक जति ज्ञान, सीप र प्रवृत्तिले निपूर्ण हुनुपर्ने हो त्यो हुन नसकेको प्रष्ट हुन्छ । अधिकाशं शिक्षकहरु आफ्नो कार्यप्रति असन्तुष्ट रहेको प्रभावकारी तालिमको अभाव, न्यून तलब, सामाजिक प्रतिष्ठामा कमी स्वअध्ययन सामग्रीहरुको अभाव र सरोकारवाला व्यक्तिहरुको लापरबाही आदि प्रमुख कारणले गर्दा समस्याहरु भ्फेल्नु परेको देखियो ।

ज्ञवाली (२०६६) सामुदायिक प्राथमिक विद्यालयमा महिला शिक्षकहरुको अवस्था नामक शीर्षकमा महिला शिक्षकहरुको शैक्षिक अवस्था अन्य व्यक्तिको धारणा र महिला शिक्षकहरुले शिक्षण पेशामा भोग्नुपरेका समस्याहरु जस्ता उद्देश्यहरुमा केन्द्रीत रही महिला शिक्षक प्र.अ, विद्यालय व्यवस्थापन समिति अध्यक्ष लाई खुल्ला प्रश्नावली, अन्तर्वार्ता प्रत्यक्ष अवलोकन विधिबाट गरिएको यस अध्ययनबाट के कुरा स्पष्ट हुन आउछ भने अधिकांश महिला शिक्षकहरुको शैक्षिक योग्यता माथि रहेको बढी मात्रामा तालिम प्राप्त गरेको पाइन्छ । विद्यालमयमा कार्यरत महिला शिक्षकहरु प्रति प्र.अ., विद्यालय व्यवस्थापन समितिको अध्यक्षको सकारात्मक धारणा रहेको महिला शिक्षकहरु आफैले घरायसी कामधन्दा तथा घर व्यवहार सम्हाली विद्यालय जानुपर्ने, विभिन्न समस्याले आफ्नो शैक्षिक योग्यतालाई अगाडी बढाउन नपाउने, शिक्षण कार्यभार बढी हुने, छोराछोरीको स्याहार

सुसार गरि विद्यालय जानुपर्ने स्थिति रहेको पाइन्छ । त्यस्तै महिला शिक्षकहरुले शिक्षण कार्य गर्दा विद्यालयमा पर्याप्त मात्रामा शिक्षक निर्देशिका उपलब्ध नहुनु, सम्बन्धित विषयमा तालिमको व्यवस्था नहुनु, विषयबस्तुसँग सम्बन्धित शैक्षिक सामग्री निर्माण गरि शिक्षण सिकाइ क्रियाकलाप गर्न कठिनाइ हुनु, विद्यालयमा प्रर्याप्त मात्रामा शैक्षिक सामग्री नहुनु, भौतिक सुबिधाहरुको अभाव रहनु आदि समस्या रहेको पाइन्छ ।

## २.३ अवधारणात्मक ढाँचा

यस अध्ययनको लागि विभिन्न पूर्व साहित्यहरुको अध्ययनबाट प्राप्त सूचना र जानकारीहरुको आधारमा निम्न अनुसारको अवधारणात्मक ढाँचा निर्माण गरि अध्ययन गरिएको थियो ।



# अध्याय तीन

# अध्ययन विधि

कुनै पनि विषयबस्तु वा शीर्षकमा अध्ययन अनुसन्धान कार्य गर्नु ज्यादै जटिल कार्य हो । कुनै पनि अध्ययन गर्दा निश्चित विधि अपनाएर कार्य गरेमा मात्र जटिल कार्य पनि सरल र सहज हुन जान्छ । त्यसैले अनुसन्धान कार्य सम्पन्न गर्नको लागि विषयबस्तुको प्रकृति अनुसार उद्देश्य प्राप्त हुने गरि विभिन्न तरिकाहरु अवलम्बन गर्नुपर्ने हुन्छ । त्यसैलाई नै विधि भनिन्छ । विधिले अध्ययन अनुसन्धान कार्यलाई निश्चित बाटो देखाउने लक्ष्यमा पुग्न सहयोग गर्ने र उद्देश्य पुरा गर्ने कार्यमा महत्वपूर्ण भूमिका खेल्दछ ।

यो अध्ययन गुणात्मक र परिमाणात्मक विधिमा आधारित रहेर सङ्कलित सूचनात्मक तथ्याङ्कलाई विश्लेषण र व्याख्या गरिएको थियो ।

## ३.१ अनुसन्धान ढाँचा

कुनै पनि अध्ययन अनुसन्धानको आफ्नै प्रकृति, अध्ययनको ढाँचा तथा अध्ययन विधि हुन्छ । यस अध्ययनमा अनुसन्धान ढाँचा पूर्ण रुपमा गुणात्मक तथा परिमाणात्मक र गुणात्मक रुपमा प्रस्तुत गरिएको थियो । त्यसैले यो अध्ययन मिश्रित विधिमा आधारित रहेको थियो ।

## ३.२ अध्ययनको क्षेत्र

यस अध्ययनको लागि नवलपरासी जिल्लाको दुम्किबास गा.वि.स. भित्रका १ वटा सामुदायिक र १ वटा संस्थागत प्राथमिक विद्यालयलाई अध्ययनको क्षेत्रको रुपमा छनौट गरिएको थियो ।

## ३.३ नमूना छनौट

यस अध्ययन कार्यको लागि निम्नानुसार नमूना छनौट गरिएको थियो ।

### ३.२.१ अध्ययनको जनसंख्याको छनौट

यस अध्ययनको लागि नवलपरासी जिल्लाको दुम्किबास गा.वि.स.का १ वटा सामुदायिक र १ वटा संस्थागत प्राथमिक विद्यालयका प्र.अ., शिक्षक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, अभिभावक, विद्यार्थी, बुद्धिजीवी व्यक्ति आदिलाई अध्ययनको जनसंख्याको रुपमा छनौट गरिएको थियो ।

### ३.३.२ विद्यालयको छनौट

दुम्किबास गा.वि.स. का सामुदायिक र संस्थागत प्राथमिक विद्यालयहरु मध्येबाट Random Sampling का आधारमा १/१ वटा सामुदायिक र संस्थागत प्राथमिक विद्यालयको छनौट गरिएको थियो ।

### ३.३.३ प्रधानाध्यापकको छनौट

यस अध्ययनको लागि नमूना छनौटमा परेका २ वटै प्राथमिक विद्यालयका प्र.अ.लाई स्वतः छनौट गरिएको थियो ।

### ३.३.४ विद्यालय व्यवस्थापन समितिका अध्यक्षको छनौट

यस अध्ययनका लागि नमूना छनौटमा परेका २ वटै विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई स्वतः छनौट गरिएको थियो ।

### ३.३.५ शिक्षकको छनौट

यस अध्ययनको लागि नमूना छनौटमा परेका २ वटै प्राथमिक विद्यालयका सबै शिक्षकलाई स्वतः छनौट गरिएको थियो ।

### ३.३.६ अभिभावकको छनौट

यस अध्ययनको लागि छनौटमा परेका २ वटा विद्यालयका अभिभावकहरु मध्येबाट ५/५ जना अभिभावकहरुलाई Random Sampling का आधारमा छनौट गरिएको थियो ।

### ३.३.७ स्थानीय वुद्धिजीवीको छनौट

यस अध्ययनको लागि छनौटमा परेको दुम्किबास गा.वि.स. का ५ जना वुद्धिजीवी व्यक्तिहरुको छनौट गरिएको थियो ।

### ३.३.८ विद्यार्थीको छनौट

यस अध्ययनका लागि छनौटमा परेका सामुदायिक र संस्थागत प्राथमिक विद्यालयका कक्षा ४ र ५ का विद्यार्थीहरुमध्ये Random Sampling का आधारमा कक्षा ४ बाट ३ जना त्यस्तै कक्षा ५ बाट पनि ३ जना गरि जम्मा ६ जना छनौट गरिएको थियो ।

## ३.४ सूचना संकलनका साधनहरु

यस अध्ययनका लागि आवश्यक सूचना संकलन गर्न निम्न साधनको निर्माण गरि सूचना संकलन गरिएको थियो ।

### ३.४.१ प्र.अ. सँग अन्तर्वार्ता र खुल्ला प्रश्नावली

यस अध्ययनका लागि छनौटमा परेका सामुदायिक र संस्थागत प्राथमिक विद्यालयका प्र.अ.सँग शिक्षकहरुको कार्यप्रतिको दृष्टिकोण, शिक्षकहरुले भोगेका समस्याहरु पत्ता लगाउनको लागि अन्तर्वार्ता प्रश्नावली र खुल्ला प्रश्नावली गरी सूचना संकलन गरिएको थियो ।

### ३.४.२ शिक्षकसँग अन्तर्वार्ता प्रश्नावली

छनौटमा परेका दुवै विद्यालयका शिक्षकहरुले शिक्षण पेशा अवलम्बनमा भोगेका समस्याहरुको बारेमा पत्ता लगाउनको लागि शिक्षक सँग अन्तर्वार्ता प्रश्नावली गरि सूचना संकलन गरिएको थियो ।

### ३.४.३ विद्यालय व्यवस्थापन समितिका अध्यक्षसँग अन्तर्वार्ता प्रश्नावली

यस अध्ययनको लागि छनौटमा परेका २ वटै विद्यालयका वि.व्य.स.का अध्यक्ष सँग त्यस विद्यालयमा कार्यरत शिक्षकहरुको कार्यप्रति कस्तो दृष्टिकोण छ भनेर पत्ता लगाउनको लागि अन्तर्वार्ता प्रश्नावली गरिएको थियो ।

### ३.४.४ अभिभावक, वुद्धिजीवी व्यक्तिसँग खुल्ला प्रश्नावली र छलफल :

प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरुको कार्यप्रति कस्तो दृष्टिकोण छ भन्ने विषयमा छनौटमा परेका अभिभावक, स्थानीय वुद्धिजीवी व्यक्ति सँग खुल्ला प्रश्नावली र छलफल गरी सूचना संकलन गरिएको थियो ।

### ३.४.५ विद्यार्थीसँग छलफल र खुल्ला प्रश्नावली

प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरुले विद्यार्थी प्रति गर्ने व्यवहार कस्तो छ ? विद्यार्थीहरुले शिक्षकलाई हेर्ने दृष्टिकोण कस्तो छ ? आदि पत्ता लगाउनको लागि छनौटमा परेका विद्यार्थीहरुसँग छलफल र खुल्ला प्रश्नवली गरि सूचना संकलन गरिएको थियो ।

## ३.५ साधनको वैधता

तथ्याङ्क संकलनका लागि साधनहरुको निर्माण गरिसकेपछि आफ्ना सहपाठी साथीहरु शिक्षक शोध प्रस्तावना निर्देशक ज्यूको सल्लाह र सुझाब अनुसार पुनः परिमार्जन गरि साधनको वैधता परिक्षण गरिएको थियो ।

## ३.६ तथ्याङ्क संकलन प्रक्रिया

यस अध्ययनको लागि तथ्याङ्क संकलन गर्न अनुसन्धानकर्ता स्वयम अध्ययन क्षेत्रमा नमूना छनौटको रुपमा परेका प्राथमिक विद्यालयका प्र.अ., शिक्षकहरु, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, विद्यार्थीहरु, अभिभावकहरु र स्थानिय वुद्धिजिबीहरुसँग अन्तर्वार्ता, खल्ला प्रश्नावली, छलफल र कक्षा अवलोकन विधिद्वारा तथ्याङ्क संकलन गरिएको थियो ।

### ३.६.१ प्राथमिक तथ्याङ्क

प्राथमिक तथ्याङ्क अनुसार नमूना छनोटमा परेका प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरु, उक्त विद्यालयका प्र.अ., विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, अभिभावक, स्थानिय बुद्धिजिवि र विद्यार्थीहरुसँग खुल्ला प्रश्नावली, अन्तर्वार्ता, छछलफल र कक्षा अवलोकन आदिबाट प्राथमिक तथ्याङ्क संकलन गरिएको थियो ।

### ३.६.२ सहायक तथ्याङ्क

यस अध्ययनको क्रममा अध्ययनलाई प्रभावकारी रुपमा सफल पार्नको लागि आफ्नो विषयबस्तुसँग सम्बन्धित विभिन्न किसिमका लेख रचना, रेकर्ड फाईल, निर्देशन पुस्तक, शिक्षकहरु सँग प्रकाशित लेखहरु, विभिन्न अध्ययन अनुसन्धानको पुस्तक, पत्र पत्रिकाहरु साथै शोधपत्रहरु आदिको अध्ययन गरि प्राप्त जानकारीहरुलाई सहायक तथ्याङ्कको रुपमा लिइएको थियो ।

## ३.७ नैतिकताको मापदण्ड

कुनै पनि अध्ययन अनुसन्धान गर्दा नैतिकताको सवल बुलन्द उठ्ने गर्दछ । शोधकर्तालाई एउटा नैतिक रुपले सबल र सजक हुन नितान्त आवश्यक पर्दछ । प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरुको कार्यप्रतिको सरोकारवालाहरुको दृष्टिकोण अध्ययन गर्नको लागि छनोटमा परेका विद्यालयका प्र.अ., शिक्षक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, अभिभावक, स्थानिय बुद्धिजिबि र विद्यार्थीहरुसँग अन्तर्वार्ता, खुल्ला प्रश्नावली, छलफल र आदिबाट प्राप्त वास्तविक सूचना संम्प्रेषण गर्ने व्यक्तिको नाम, थर, ठेगाना अन्य व्यत्तित्वमा आँच आउने कुरालाई मध्यनजर गरि नैतिक मापदण्डको आधारमा खुलस्त हुने सूचनालाई मात्र खुलाई अन्य सूचनालाई गोपनियतता कायम गरिएको थियो ।

## ३.८ तथ्याङ्क विश्लेषण र व्याख्या

यस अध्ययनमा अनुसन्धानकर्ताको अध्ययनको उद्देश्य प्राप्त गर्न संकलित सूचनाहरुलाई विभिन्न समूहमा अलग अलग गरिएको थियो । त्यसपछि मिल्दो जुल्दो प्रतिक्रियाहरुलाई एउटै समुहमा राखी आवश्यक तालिकीकरण प्रयोग गरि विश्लेषण र व्याख्या गरिएको थियो ।

# अध्याय – चार

# तथ्याङ्कको प्रस्तुति विश्लेषण र व्याख्या

अनुसन्धान कार्यका लागि सम्बन्धित सूचनाहरुलाई सङ्गठित गर्ने, निश्चित क्रममा मिलाउने सम्पादन गर्न तथा व्यवस्थित गर्ने र सूचनाहरुलाई दिएको अर्थको व्याख्या गर्ने कार्यलाई तथ्याङ्कको विश्लेषण र व्याख्या भनिन्छ । अनुसन्धानको समस्याको विषयमा अध्ययन गर्नको लागि विभिन्न विधि तथा साधनहरुलाई आवश्यक सूचनाहरु सङ्कलन गर्न सक्ने रुपमा विकास तथा प्रयोग गरी सूचनाहरु सङ्कलन गरिएको हुन्छ । यी सूचनाहरुलाई विभिन्न शीर्षक तथा उपशीर्षकमा सङ्गठित गर्नका लागि सूचनाको सम्पादन गर्नुपर्दछ ।

“प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरुको कार्यप्रतिको दृष्टिकोण र कार्य” नामक अध्ययनमा आवश्यकता अनुसार गुणात्मक र परिमाणात्मक विधिको प्रयोग गरिएको थियो । अध्ययनको उद्देश्य हासिल गर्न विद्यालयका प्र.अ., शिक्षक, विद्यालय व्यवस्थापन समिति अध्यक्ष, विद्यार्थीहरुसँग अन्तर्वार्ता प्रश्नावली, त्यस्तै अभिभावक, स्थानीय बुद्धिजीवीहरुसँग खुल्ला प्रश्नावलीका साथै छलफल गरिइएको थियो । शिक्षकहरुको शिक्षक कार्यको पहिचान गर्नको लागि छनोटमा परेका विद्यालयका शिक्षकहरुको कक्षा अवलोकन पनि गरिएको थियो । यसरी यी विभिन्न स्रोत र तरिकाहरुबाट सङ्कलित सूचनाको प्रस्तुति, व्याख्या र विश्लेषण निम्न शीर्षकमा सङ्गठित गरिएको छ ।

क) शिक्षकहरुको कार्यप्रति सरोकारवालाहरुको दृष्टिकोण,

ख) शिक्षकले भोगेका समस्याहरु ।

माथि उल्लेखित शीर्षकहरुमा तथ्याङ्क सङ्कलनका लागि अन्तर्वार्ता प्रश्नावली, खुल्ला प्रश्नावली र छलफल गरिएको थियो । प्राप्त तथ्याङ्कहरुको प्रस्तुति, विशलेषण र व्याख्या निम्न अनुसार गरिएको छ ।

## ४.१ शिक्षकहरुको कार्यप्रति सरोकारवालाहरुको दृष्टिकोण

नमूना छनौटमा परेका सामुदायिक र संस्थागत प्राथमिक विद्यालयका शिक्षकहरुको कार्यप्रति सरोकारवालाहरुको दृष्टिकोण के–कस्तो छ भनी पत्ता लगाउनको लागि

अनुसन्धानकर्ता स्वयम् आफै सरोकारवालाहरु बीच उपस्थित भई अन्तर्वार्ता प्रश्नावली, खुल्ला प्रश्नावली र छलफलको माध्यमबाट सूचनाहरु सङ्कलन गरिएको थियो । जसबाट प्राप्त प्रतिक्रियाहरुको आधारमा शिक्षकहरुको कार्यप्रति सरोकारवालाहरुको दृष्टिकोणलाई निम्न अनुसार विश्लेषण र व्याख्या गरिएको छ ।

### ४.१.१ सामुदायिक प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरुको कार्यप्रति प्र.अ. को दृष्टिकोण

छनौटमा परेको सामुदायिक प्राथमिक विद्यालयका प्र.अ. सँग शिक्षकहरुको कार्यप्रतिको दृष्टिकोण बुझ्नको लागि असंरचित अन्तर्वार्ता प्रश्नावली निर्माण गरिएको थियो । ती प्रश्नावलीको आधारमा प्र.अ. ले दिएको प्रतिक्रियालाई निम्न अनुसार व्याख्या गरिएको छ ।

**तालिका नं. ४.१**

**शिक्षकहरुको कार्यप्रतिको सम्बन्धमा सामुदायिक प्राथमिक विद्यालयका प्र.अ. बाट प्राप्त प्रतिक्रिया**

| विवरण | प्रतिक्रिया | | |
|---|---|---|---|
| | उत्तम | मध्यम | न्यून |
| विषयवस्तुको ज्ञान | 3 | | |
| बालमनोविज्ञानको ज्ञान | 3 | | |
| शिक्षण पद्धतिको ज्ञान | 3 | | |
| कक्षा व्यवस्थापनको अवस्था | | 3 | |
| बालबालिकाहरुको रुचि र क्षमताअनुसारको शिक्षण | | 3 | |
| शैक्षिका सामग्रीको प्रयोगको अवस्था | | 3 | |
| शैक्षिक सामग्रीको निर्माणको अवस्था | | 3 | |
| अनुशासन | | 3 | |
| अध्ययनशील र जिज्ञासु | | 3 | |
| नियमितता | | 3 | |
| बालबालिकाहरुसँगको व्यवहार | 3 | | |
| शैक्षिक योजना तथा मूल्याङ्कन | | 3 | |
| बहुसांस्कृतिक र बहुभाषिक विविधताको पहिचान गर्ने क्षमता | | 3 | |
| नेतृत्वको अवस्था | | 3 | |

स्रोत :– स्थलगत सर्वेक्षण, २०६९ ।

**विषयवस्तुको ज्ञान**

शिक्षकहरुको कार्यप्रतिको सम्बन्धमा सामुदायिक विद्यालयका प्र.अ. लाई शिक्षकहरुकोमा विषयवस्तुको ज्ञान कस्तो छ भनी सोधिएको प्रश्नमा विद्यालयमा कार्यरत सबै शिक्षकहरु आफूले पढाउने पाठबारे पूर्ण ज्ञान भएकोले शिक्षकहरुमा विषयवस्तुको उत्तम ज्ञान छ भन्ने प्रतिक्रिया दिए ।

**बालमनोविज्ञानको ज्ञान**

बालमनोविज्ञानको बारेमा सोधिएको प्रश्नमा सामुदायिक विद्यालयका प्र.अ. ले विद्यालयमा कार्यरत सबै शिक्षकहरुले शिक्षण कार्य गर्दा विद्यार्थीहरुको रुचि, क्षमता, तह र उमेरलाई विशेष ध्यान दिई शिक्षण गर्ने गरेको हुँदा शिक्षकहरुमा बालमनोविज्ञानको ज्ञान उत्तम रहेको प्रतिक्रिया दिए ।

**शिक्षण पद्धतिको ज्ञान**

शिक्षकहरुमा शिक्षण पद्धतिसम्बन्धी के कस्तो ज्ञान छ भन्ने बारेमा सामुदायिक प्राथमिक विद्यालयका प्र.अ. ले शिक्षकहरुले शिक्षण गर्दा विषयवस्तु र पाठको प्रकृति हेरी उपयुक्त शिक्षण विधिको प्रयोग गर्ने गरेको हुँदा शिक्षकहरुमा शिक्षण पद्धतिको ज्ञान उत्तम रहेको प्रतिक्रिया दिए ।

**कक्षा व्यवस्थापनको अवस्था**

शिक्षकहरुमा कक्षा व्यवस्थापनको बारेमा प्रतिक्रिया बुझ्दा सामुदायिक प्राथमिक विद्यालयका प्र.अ. ले त्यस विद्यालयमा कार्यरत शिक्षकहरुले कक्षा व्यवस्थापनमा कुनै ध्यान नदिई कक्षाकोठामा रहेका सबै विद्यार्थीहरुलाई आ–आफ्नै ढङ्गले बस्न लगाउने हुँदा शिक्षकहरुमा मध्यम किसिमको कक्षा व्यवस्थापनको अवस्था रहेको प्रतिक्रिया दिए ।

**बालबालिकाहरुको रुचि र क्षमता अनुसारको शिक्षण**

शिक्षकहरुले बालबालिकाको रुचि र क्षमता अनुसार कक्षा शिक्षण गरेका छन् कि छैनन् भन्ने प्रश्नमा सामुदायिक प्राथमिक विद्यालयका प्र.अ. ले शिक्षकहरुले विद्यार्थीहरुको रुचि र क्षमतालाई प्रवाह नगरी आफ्नै िहसाबले शिक्षण कार्य गर्ने हुँदा शिक्षकहरुमा मध्यम किसिमको बालबालिकाहरुको रुचि र क्षमता अनुसारको शिक्षण रहेको प्रतिक्रिया दिए ।

**शैक्षिक सामग्री निर्माणको अवस्था**

शिक्षकहरुमा शैक्षिक सामग्री निर्माणको सीप के कस्तो रहेको छ भन्ने सम्बन्धमा सामुदायिक विद्यालयका प्र.अ. ले विद्यालयमा कार्यरत शिक्षकहरुमा शिक्षण सामग्री निर्माण बारेमा सामान्य ज्ञान भएको, शिक्षण सामग्री निर्माण र प्रयोग नगरी शिक्षण गर्ने हुँदा शिक्षकहरुमा शैक्षिक सामग्री निर्माणको अवस्था मध्यम किसिमको रहेको प्रतिक्रिया दिए ।

**शैक्षिक सामग्री प्रयोगको अवस्था**

कक्षाकोठामा शिक्षण गर्दा शैक्षिक सामग्री प्रयोगको अवस्था कस्तो छ भन्ने प्रश्नमा सामुदायिक प्राथमिक विद्यालयका प्र.अ. ले विद्यलायमा उपलब्ध रहेको शैक्षिक सामग्रीहरुमध्ये शिक्षकहरुले कक्षाकोठामा प्रयोग गर्दा सबै विद्यार्थीहरुलेस्पष्ट देख्ने गरी प्रयोग नगरी केवल प्रयोग गरेको हो भन्ने मात्र गराएकोले यस सम्बन्धमा मध्यम किसिमको रहेको प्रतिक्रिया दिए ।

**अनुशासन**

विद्यालयमा कार्यरत शिक्षकहरुको अनुशासन सम्बन्धमा सामुदायिक प्राथमिक विद्यालयका प्र.अ. ले विद्यालयमा कार्यरत शिक्षकहरुले विद्यालयको आचारसंहिता र नियमलाई सामान्य रुपमा पालना गरेकोले शिक्षकहरुमा अनुशासन मध्यम किसिमको रहेको प्रतिक्रिया दिए ।

### अध्ययनशील र जिज्ञासु

शिक्षकहरु कतिको अध्ययनशील र जिज्ञासु रहेका छन् भन्ने सम्बन्धमा सामुदायिक प्राथमिक विद्यालयका प्र.अ. अध्ययन गर्ने अन्य कुनै पनि विषयवस्तुमा खासै अध्ययन नगर्ने निरन्तर रुपमा नलाग्नेकोले अध्ययनशील र जिज्ञासुमा मध्यम किसिमको प्रतिक्रिया दिएका थिए ।

### नियमितता

शिक्षकहरु विद्यालयमा कतिको नियमितता हुन्छन् भन्ने प्रश्नमा सामुदायिक प्राथमिक विद्यालयका प्र.अ. ले शिक्षकहरु विद्यालयमा निरन्तर रुपमा नआउने गरेको, खाली काम परेको बहना गर्ने गरेको हुँदा शिक्षकहरुको नियमततामा मध्यम किसिमको प्रतिक्रिया दिएका थिए ।

### बालबालिकाहरुसँगको व्यवहार

शिक्षकहरुको बालबालिकाहरुसँगको व्यवहार के कस्तो किसिमको रहेको छ भन्ने बारेमा सामुदायिक प्राथमिक विद्यालयका प्र.अ. को प्रतिक्रिया विद्यालयमा कार्यरत शिक्षकहरुले विद्यालयमा विद्यार्थीसँग मिलनसार, सहयोगी भावनाको व्यवहार गर्ने गरेको, विद्यार्थीहरुसँग निरन्तर रुपमा अन्तर्क्रिया गर्ने गरेको प्रतिक्रिया दिएका थिए ।

### शैक्षिक योजना तथा मूल्याङ्कन

शैक्षिक योजना तथा मूल्याङ्कन के–कस्तो रहेको छ भन्ने सम्बन्धमा सामुदायिक विद्यालयका प्र.अ. ले विद्यालयमा कार्यरत शिक्षकहरुले शैक्षिक योजना बिना शिक्षण गर्ने गरेको, शिक्षकहरुले दैनिक रुपमा पाठयोजना नबनाईकन शिक्षण गर्ने गरेको, शिक्षण सिकाइ क्रियाकलापको अन्त्यमा विद्यार्थीहरुको मूल्याङ्कन नगर्ने गरेको प्रतिक्रिया दिएका थिए ।

**बहुसांस्कृतिक र बहुभाषिक विविधताको पहिचान गर्ने क्षमता**

शिक्षकहरुमा बहुसांस्कृतिक र बहुभाषिक विविधताको पहिचद्धान गर्ने क्षमता कस्तो रहेको छ भन्ने सम्बन्धमा सामुदायिक विद्यालयका प्र.अ. ल` शिक्षकहरुले पूर्ण रुपमा सांस्कृतिक र बहुभाषिक विविधताको पहिचान गर्ने क्षमता नभएको प्रतिक्रिया दिए ।

**नेतृत्वको अवस्था**

शिक्षकहरुमा नेतृत्वको अवस्थाको सम्बन्धमा सामुदायि विद्यालयका प्र.अ. ले मध्यम किसिमको रहेको प्रतिक्रिया दिए ।

तसर्थ समग्रमा सामुदायिक प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरुको विषयवस्तुको ज्ञान, बालमनोविज्ञानको ज्ञान, शिक्षण पद्धतिको ज्ञान, र बालबालिकाहरुसँगको व्यवहारमा उत्तम किसिमको प्रंतिक्रिया रहेको पाइयो । त्यसैगरी कक्षाकोठाको व्यवस्था, बालबालिकाहरुको रुचि र क्षमता अनुसारको शिक्षण, शैक्षिक सामग्रीको निर्माण र प्रयोग, अनुशासन, अध्ययनशील र जिज्ञासु, नियमितता शैक्षिक योजना तथा मुल्याङ्कन, बहुसाँस्कृतिक र बहुभाषिक विविधताको पहिचान गर्ने क्षमता, नेतृत्वको अवस्थामा मध्यम किसिमको प्रतिक्रिया रहेको पाइयो । यसबाट समग्रमा के भन्न सकिन्छ भने सामुदायिक प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरुको पेशा प्रति प्र.अ. को दृष्टिकोण सकारात्मक रहेको पाइयो ।

यसका अलवा प्र.अ. को प्रतिक्रियाका आधारमा विद्यालयका अधिकांश शिक्षकहरु तालिम प्राप्त रहेता पनि तालिमबाट सिकेका कुराहरुलाई पूर्ण रुपमा कक्षाकोठामा लागु नगर्ने गरेको, शेक्षिक सामग्रीहरु निर्माण गरे तापनि त्यसलाई नियमित रुपमा कक्षाकोठामा प्रयोग नगर्ने गरेको, नियमित रुपमा पाठयोजना विना शिक्षण सिकाइ क्रियाकलाप नगर्ने गरेको, आदि प्रतिक्रिया पाइएको थियो । यसबाट के स्पष्ट हुन्छ भन्ने प्र.अ. को शिक्षकहरुको कार्यप्रति पनि नकारात्मक दृष्टिकोण रहेको पाइयो ।

### ४.१.२ संस्थागत प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरुको कार्यप्रति प्र.अ. को दृष्टिकोण

छनौटमा परेको संस्थागत प्राथमिक विद्यालयका प्र.अ. सँग शिक्षकहरुको कार्यप्रतिको दृष्टिकोण पत्ता लगाउनको लागिको असंरचित अन्तर्वार्ता प्रश्नावली निर्माण गरिएको थियो । ती प्रश्नावलीको आधारमा प्र.अ. ले दिएको प्रतिक्रियालाई निम्न अनुसार व्याख्या गरिएको छ ।

**तालिका नं. ४.२**

**शिक्षकहरुको कार्यप्रतिको सम्बन्धमा संस्थागत प्राथमिक विद्यालयका प्र.अ. बाट प्राप्त प्रतिक्रिया**

| विवरण | प्रतिक्रिया | | |
|---|---|---|---|
| | उत्तम | मध्यम | न्यून |
| विषयवस्तुको ज्ञान | 3 | | |
| बालमनोविज्ञानको ज्ञान | | 3 | |
| शिक्षण पद्धतिको ज्ञान | 3 | | |
| कक्षा व्यवस्थापनको अवस्था | 3 | | |
| बालबालिकाहरुको रुचि र क्षमताअनुसारको शिक्षण | | 3 | |
| शैक्षिका सामग्रीको प्रयोगको अवस्था | | 3 | |
| शैक्षिक सामग्रीको निर्माणको अवस्था | | 3 | |
| अनुशासन | 3 | | |
| अध्ययनशील र जिज्ञासु | 3 | | |
| नियमितता | 3 | | |
| बालबालिकाहरुसँगको व्यवहार | 3 | | |
| शैक्षिक योजना तथा मूल्याङ्कन | | 3 | |
| बहुसांस्कृतिक र बहुभाषिक विविधताको पहिचान गर्ने क्षमता | 3 | | |
| नेतृत्वको अवस्था | 3 | | |

स्रोत :– स्थलगत सर्वेक्षण, २०६९ ।

**विषयवस्तुको ज्ञान**

शिक्षकहरुको कार्यप्रतिको सम्बन्धमा संस्थागत प्राथमिक विद्यालयका प्र.अ. लाई शिक्षकहरुमा विषयवस्तुको ज्ञान सम्बन्धी के कस्तो छ भनी सोधिएको प्रश्नमा संस्थागत प्राथमिक विद्यालयका प्र.अ. बाट पनि विद्यालयमा कार्यरत सबै शिक्षकहरुमा आफूले पढाउने विषयको विषयवस्तुबारे पूर्णज्ञान भएकोले शिक्षकहरुमा विषयवस्तुमा उत्तम ज्ञान छ भन्ने प्रतिक्रिया दिएका थिए ।

**बालमनोविज्ञानको ज्ञान**

बालमनोविज्ञानको ज्ञानको बारेमा सोधिएको प्रश्नमा संस्थागत विद्यालयका प्र.अ. ले विद्यालयमा कार्यरत शिक्षकहरुले विद्यार्थीहरुको रुचि, उमेर र क्षमतालाई कम ध्यान दिई शिक्षण गर्ने गरेको हुँदा शिक्षकहरुमा मध्यम किसिमको बालमनोविज्ञानको ज्ञान रहेको प्रतिक्रिया दिएका थिए ।

**शिक्षण पद्धतिको ज्ञान**

शिक्षकहरुमा शिक्षण पद्धति सम्बन्धी के–कस्तो ज्ञान रहेको छ भन्ने सम्बन्धमा संस्थागत प्राथमिक विद्यालयका प्र.अ. ले विद्यालयमा कार्यरत शिक्षकहरुले शिक्षण गर्दा विषयवस्तु र पाठको प्रकृति हेरी उपयुक्त शिक्षण विधिको प्रयोग गर्ने हुँदा शिक्षण पद्धति सम्बन्धमा उत्तम ज्ञान रहेको प्रतिक्रिया दिएका थिए ।

**कक्षा व्यवस्थापनको अवस्था**

शिक्षकहरुमा कक्षा व्यवस्थापनको सम्बन्धमा संस्थागत प्राथमिकविद्यालयका प्र.अ. ले विद्यालयमा कार्यरत शिक्षकहरुले शिक्षण कार्य गर्दा कक्षाको आकारलाई हेरी कक्षाकोठामा रहेका सबै विद्यार्थीहरुको आकारलाई पनि विशेष ध्यान दिई विद्यार्थीहरुलाई मिलाएर राख्ने गरेको हुँदा शिक्षकहरुमा उत्तम किसिमको कक्षा व्यवस्थापनको अवस्था रहेको प्रतिक्रिया दिए ।

**बालबालिकाहरुको रुचि र क्षमता अनुसारको शिक्षण**

शिक्षकहरुले बालबालिकाको रुचि र क्षमताअनुसार कक्षा शिक्षण गरेका छन् कि छैनन् भन्ने सम्बन्धमा संस्थागत प्राथमिक विद्यालयका प्र.अ. प्रतिक्रिया लिँदा विद्यालयमा कार्यरत शिक्षकहरुले शिक्षणकार्य गर्दा सम्पूर्ण विद्यार्थीहरुको रुचि र क्षमतालाई ध्यान नदिई शिक्षण गर्ने हुँदा शिक्षकहरुमा मध्यम किसिमको अवस्था रहेको प्रतिक्रिया दिए ।

**शैक्षिक सामग्री निर्माणको अवस्था**

शिक्षकहरुमा शैक्षिक सामग्री निर्माणको सीप के कस्तो रहेको छ भन्ने सम्बन्धमा संस्थागत प्राथमिक विद्यालयका प्र.अ. ले पनि शिक्षकहरुले विषयवस्तुको प्रकृति अनुसार शिक्षण सामग्रीको निर्माण नगरी शिक्षण कार्य गर्ने हुँदा शैक्षिक सामग्री निर्माणको अवस्थामा मध्यम किसिमको रहेको प्रतिक्रिया दिए ।

**शैक्षिक सामग्री प्रयोगको अवस्था**

कक्षाकोठामा शिक्षण गर्दा शैक्षिक सामग्री प्रयोगको अवस्था कस्तो छ भन्ने प्रश्नमा संस्थागत प्राथमिक विद्यालयका प्र.अ. ले विद्यालयमा उपलब्ध रहेको शैक्षिक सामग्रीहरुमध्ये शिक्षकहरुले कक्षाकोठामा प्रयोग गर्दा सबै विद्यार्थीहरुले स्पष्ट देख्ने गरी प्रयोग नगरी केवल प्रयोग गरेको हो भन्ने मात्र गराउने गरेकोले त्यस सम्बन्धमा मध्यम किसिमको रहेको प्रतिक्रिया दिएका थिए ।

**अनुशासन**

विद्यालयमा कार्यरत शिक्षकहरुको अनुशासन सम्बन्धमा संस्थागत प्राथमिक विद्यालयका प्र.अ. को प्रतिक्रिया अनुसार विद्यालयमा कार्यरत सबै शिक्षकहरुले विद्यालयले बनाएको आचारसंहिता पालना गर्ने गरेकोले यसमा मध्यम प्रतिक्रिया दिएका थिए ।

**अध्ययनशील र जिज्ञासु**

शिक्षकहरु कतिको अध्ययनशील र जिज्ञासु रहेका छन् भन्ने सम्बन्धमा संस्थागत प्राथमिक विद्यालयका प्र.अ. को प्रतिक्रिया अनुसार विद्यालयमा कार्यरत शिक्षकहरुले आफ्नो विषयवस्तुमा मात्र सीमित अध्ययन नगरी समस्यामूलक नयाँ नयाँ विषयमा पनि अध्ययन खोजी गर्ने गरेको, निरन्तर रुपमा लागिरहने प्रतिक्रिया दिएका थिए ।

**नियमितता**

विद्यालयमा शिक्षकहरुको नियमितता कस्तो रहेको छ भन्ने सम्बन्धमा संस्थागत प्राथमिक विद्यालयका प्र.अ. को प्रतिक्रियामा विद्यालयमा कार्यरत नियमित रुपमा विद्यालय आउने गरेको विदामा खासै बस्ने नगरेको प्रतिक्रिया दिएका थिए ।

**बालबालिकाहरुसँगको व्यवहार**

शिक्षकहरुले बालबालिकाहरुसँगको व्यवहार के कस्तो छ भन्ने सम्बन्धमा संस्थागत प्राथमिक विद्यालयका प्र.अ. को प्रतिक्रियामा विद्यालयमा कार्यरत शिक्षकहरुले बालबालिकाहरुसँग राम्रो व्यवहार गर्ने गरेको, सबै बालबालिकाहरुलाई समान व्यवहार गर्ने गरेको विद्यार्थीहरुसँग निरन्तर रुपमा अन्तरक्रिया गर्ने गरेको प्रतिक्रिया दिएका थिए ।

**शैक्षिक योजना तथा मूल्याङ्कन**

शैक्षिक योजना तथा मूल्याङ्कनको सम्बन्धमा संस्थागत प्राथमिक विद्यालयका प्र.अ. को प्रतिक्रियाअनुसार विद्यालयमा कार्यरत शिक्षकहरुले शिक्षण गर्दा दैनिक पाठयोजना नबनाईकन गर्ने गरेका, आफूले पढाउने विषयवस्तुको शैक्षिक योजना निर्माण नगरेको तर शिक्षकहरुले विद्यार्थीहरुको मूल्याङ्कन भने गर्ने गरेको प्रतिक्रिया दिएका थिए ।

**बहुसांस्कृतिक र बहुभाषिक विविधताको पहिचान गर्ने क्षमता**

शिक्षकहरुमा बहुसांस्कृतिक र बहुभाषिक विविधताको पहिचान गर्ने क्षमताको सम्बन्धमा संस्थागत प्राथमिक विद्यालयका प्र.अ. को प्रतिक्रिया अनुसार विद्यालयमा पढ्ने

विद्यार्थीहरु विभिन्न संस्कृतिका र तिनीहरुले बोल्ने भाषा पनि फरक–फरक हुने भएकोले शिक्षकहरुले त्यस्ता विद्यार्थीहरुको पहिचान गर्ने क्षमता पूर्ण नभएको प्रतिक्रिया दिएका थिए ।

**नेतृत्वको अवस्था**

शिक्षकहरुमा नेतृत्वको अवस्था कस्तो छ भन्ने सम्बन्धमा संस्थागत प्राथमिक विद्यालयका प्र.अ. को प्रतिक्रियाअनुसार शिक्षकहरु कुनै पनि कार्यक्रमहरुको नेतृत्व लिन पठाउँदा त्यसबाट टाढा रहने खोज्ने प्रतिक्रिया दिएका थिए ।

तसर्थ समग्रमा संस्थागत प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरुमा विषयवस्तुको ज्ञान, शिक्षण पद्धतिको ज्ञान, कक्षा व्यवस्थाको अवस्था, अनुशासन, अध्ययनशील र जिज्ञासु, नियमितता, बालबालिकाहरुसँगको व्यवहार, बहुसाँस्कृतिक र बहुभाषिक विविधताको पहिचान गर्ने क्षमता, र नेतृत्वको अवस्थामा प्र.अ. को उत्तम प्रतिक्रिया पाइयो । यसबाट के भन्न सकिन्छ भने शिक्षकहरुको कार्यप्रति प्र.अ. को  सकारात्मक दृष्टिकोण रहेको पाइयो ।

यसका अलवा प्र.अ. को प्रतिक्रियाका आधारमा विद्यालयका कार्यरत शिक्षकहरुले दैनिक पाठयोजना विना शिक्षण गर्ने, शैक्षिक सामग्रीहरुको पनि नियमित रुपमा प्रयोग नगर्ने गरेको, आदि प्रतिक्रिया पाइएको थियो । यसबाट पनि के स्पष्ठ हुन्छ भने प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरुको कार्यप्रति प्र.अ. को केही नकारात्मक दृष्टिकोण रहेको पाइयो ।

### ४.१.३ सामुदायिक प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरुको कार्यप्रति विद्यालय व्यवस्थापन समितिका अध्यक्षको दृष्टिकोण

छनौटमा परेको सामुदायिक प्राथमिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षसँग शिक्षकहरुको कार्यप्रतिको दृष्टिकोण के छ भनि थाहा पाउनको लागि असंरचित अन्तर्वार्ता प्रश्नावली निर्माण गरिएको थियो । ती प्रश्नावलीको आधारमा अध्यक्षले दिएको प्रतिक्रियालाई निम्न अनुसार व्याख्या गरिएको छ ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई सोधिएको प्रश्नबाट अधिकांश सकारात्मक प्रतिक्रिया पाइएको थियो ।  उनले त्यस विद्यालयमा कार्यरत शिक्षकहरु

योग्यतावान, तालिम प्राप्त, लगनशील, क्षमतावान, रहेको छन् । आफ्नोदायित्वलाई निर्वाह गर्ने गरेको, विद्यालयको निरिक्षणको क्रममा प्राय जसो शिक्षकहरु विद्यालयमा उपस्थित रहेको, आफ्नो समयतालिका अनुसार कक्षाकोठामा गई शिक्षण सिकाइ क्रियाकलाप गर्ने गरेको, विद्यालयको वैठकहरुमा पनि शिक्षकहरुको उपस्थिति रहने गरेको र विद्यालयमा देखिएका समस्याहरुको समाधानको उपायको बारेमा राय, सुझावहरु प्रस्तुत गर्ने गरेको, बालबालिकाहरुलाई गर्ने व्यवहार पनि राम्रो रहेको आदि प्रतिक्रिया दिएको पाइयो । यी दिइएको प्रतिक्रियाको आधारमा शिक्षकहरुको कार्यप्रति विद्यालय व्यवस्थापन समितिको दृष्टिकोण राम्रो रहेको पाइयो ।

यसका अलवा उनले दिएको अन्य प्रतिक्रियामा सामुदायिक विद्यालयका शिक्षकहरु राजनीतिक क्रियाकलापमा बढि मात्रामा सरिक भएको देखिन्छ । सबै शिक्षकहरुले तालिममा गएर सिकेका कुराहरुलाई कक्षाकोठामा लागु नगरेको, आफु–आफु बीचमा उत्पन्न भएको शैक्षिक समस्यालाई शिक्षक समूहबीचमा राखेर त्यसको समस्या समाधान गर्ने प्रयास नगर्ने गरेको, कक्षा शिक्षणमा जाँदा शैक्षिक सामग्रीहरुको प्रयोग नगर्ने बारेको आदि प्रतिक्रिया पाइयो । यसबाट के स्पष्ट हुन्छ भने शिक्षकहरुको कार्यप्रति केही सकारात्मक दृष्टिकोण रहेता पनि केही रुपमा नकारात्मक दृष्टिकोण रहेको पाइयो ।

### ४.१.४ संस्थागत प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरुको कार्यप्रति विद्यालय व्यवस्थापन समितिका अध्यक्षको दृष्टिकोण

छनोटमा परेको संस्थागत प्राथमिक विद्यालयका व्यवस्थापन समितिका अध्यक्षसँग शिक्षकहरुको कार्यप्रतिको दृष्टिकोण कस्तो छ भनी पत्ता लगाउनको लागि असंरचित प्रश्नावली निर्माण गरिएको थियो । त्यसै प्रश्नावलीको आधारमा अध्यक्षले दिएको प्रतिक्रियालाई निम्न अनुसार व्याख्या गरिएको छ ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई सोधिएको अधिकांश प्रश्नहरुमा सकारात्मक प्रतिक्रिया पाइएको थियो । उनले त्यस विद्यालयका शिक्षकहरु योग्यतावान, क्षमतावन लगनशील, कर्तव्यनिस्ट, रहेका आफ्नो कर्तव्यलाई जिम्मेवारी रुपमा गरेको, हरेक विद्यार्थीहरुसँग व्यवहार राम्रो रहेको, विद्यालयले गर्ने हरेका क्रियाकलापमा सरिक भएको,

आफूभित्र आएको शैक्षिक समस्याहरुलाई आफू–आफू बीच बसेर त्यसको समाधान गर्ने गरेको आदि प्रतिक्रिया पाइयो । यि माथि दिइएको प्रतिक्रियाको आधारमा शिक्षकहरुको कार्यप्रति विद्यालय व्यवस्थापन समितिको अध्यक्षको दृष्टिकोण पनि सकारात्मक छ भन्न सकिन्छ ।

यसका अलवा उनले दिएको अन्य प्रतिक्रियामा संस्थागत प्राथमिक विद्यालयका शिक्षकहरुको भन्दा कम हुने हुँदा अधिकांश शिक्षकहरु लामो समयसम्म त्यस विद्यालयमा नरहने, बीचमै विद्यालय छाडिदिने, विद्यालय प्रशासन कडा हुने हुँदा केही शिक्षकहरु बीच जागीर छोडिदिने आदि प्रतिक्रिया पाइयो ।

### ४.१.५ सामुदायिक प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरुको पेशाप्रंति अभिभावकहरुको दृष्टिकोण

छनौटमा परेका सामुदायिक प्राथमिक विद्यालयका ५ जना अभिभावकसँग शिक्षकहरुको कार्यप्रतिको दृष्टिकोण कस्तो छ भनी पत्ता लगाउनको खुल्ला प्रश्नावली निर्माण गरिएको थियो । ती प्रश्नावलीको आधारमा अभिभावकले दिएको प्रतिक्रियालाई निम्न अनुसार व्याख्या गरिएको छ ।

छनौटमा परेका ५ जना अभिावकहरुलाई सोधिएको खुल्ला प्रश्नावलीमा सबैको अधिकांश सकारात्मक प्रतिक्रिया पाइयो । उनीहरुले त्यस विद्यालयमा कार्यरत शिक्षकहरु योग्यतावान, क्षमतावान, लगनशील, रहेका सबै शिक्षकहरुले केटा केटीहरुलाई माया गरेर पढाउने गर्दछन्, बेला–बेलामा अभिभावकहरुलाई भेटे र आफ्ना छोराछोरीहरुको बारेमा के–कस्तो कमिकमजोरीहरु रहेको छ त्यसको जानकारी गराउने गरेको, विद्यालयले सञ्चालन गर्ने हरेक कार्यक्रममा सबै शिक्षकहरुको उपस्थिति हुने गरेको आदि प्रतिक्रिया पाइयो । यी माथि दिएको प्रतिक्रियाको आधारमा शिक्षकहरुको कार्यप्रति पनि अभिभावकहरुको पनि सकारात्मक दृष्टिकोण रहेको पाइयो ।

यसका अलवा उनीहरुले दिएको अन्य प्रतिक्रियामा सबै शिक्षकहरुले पढाइसकेपछि विद्यार्थीहरुलाई नियमित रुपमा गृहकार्य पनि नदिने गरेको, गृहकार्य पनि चेक नगरेको, कुनै शिक्षक विद्यालयमा अनुपस्थित रहेको बेला उसको पिरियडमा खाली रहेको कक्षालाई अन्य शिक्षकहरुले नहेरेको आदि प्रतिक्रिया पाइयो ।

### ४.१.६ संस्थागत प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरुको कार्यप्रति अभिभावकको दृष्टिकोण

छनौटमा परेका संस्थागत प्राथमिक विद्यालयका ५ जना अभिभावकसँग शिक्षकहरुको कार्यप्रतिको दृष्टिकोण कस्तो छ भनी पत्ता लगाउनको खुल्ला प्रश्नावली निर्माण गरिएको थियो । ती प्रश्नावलीको आधारमा अभिभावकले दिएको प्रतिक्रियालाई निम्न अनुसार व्याख्या गरिएको छ ।

छनौटमा परेका ५ जना अभिावकहरुलाई सोधिएको खुल्ला प्रश्नावलीमा सबैको अधिकांश सकारात्मक प्रतिक्रिया पाइयो । उनीहरुले यस विद्यालयहरु नियमित विद्यालय उपस्थित भई आफ्नो कार्य पूरा गर्ने गरेको, विद्यालयका सबै शिक्षकहरु योग्यतावान, क्षमतावन, लगनशील, विषयवस्तुमा पोख्त ज्ञान भएका, विद्यार्थीहरुलाई गर्ने व्यवहार पनि राम्रो रहेको विद्यालयले  सञ्चालन गर्ने कार्यक्रमहरुमा पनि सहयोग गर्ने, विद्यार्थीहरुको गृहकार्य पनि नियमित रुपमा जाँच गर्ने, शिक्षकहरुको ज्ञान, सीप र प्रवृति पनि राम्रो रहेको आदि प्रतिक्रिया पाइयो । यी माथि उल्लेखित अभिभावकहरुबाट प्राप्त प्रतिक्रियाको आधारमा शिक्षकहरुको कार्यप्रति अभिभावकहरुको दृष्टिकोण सकारात्मक रहेको पाइयो ।

यसका अलवा उनीहरुले दिएको अन्य प्रतिक्रियामा कतिपय शिक्षकहरुले विद्यार्थीहरुलाई पिट्ने गरेको, विद्यार्थीहरुको रुचि र क्षमता हरुलाई ध्यान नदिइ केवल दबाबमूलक किसिमले शिक्षा दिने गरेको, घोकन्ते रुपमालाई बढि प्राथमिकता दिने गरेको प्रतिध्किया पाइयो । यसबाट शिक्षकहरुको कार्यप्रति अभिभावकको नकारात्मक दृष्टिकोण रहेको पाइयो ।

### ४.१.७ सामुदायिक र संस्थागत प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरुको कार्यप्रति स्थानीय बुद्विजीवी व्यक्तिहरुको दृष्टिकोण

छनौटमा परेका सामुदायिक प्राथमिक विद्यालयका ५ जना स्थानीय बुद्विजीवी व्यक्तिहरुसँग शिक्षकहरुको कार्यप्रतिको दृष्टिकोण कस्तो छ भनी पत्ता लगाउनको लागि खुल्ला प्रश्नावली निर्माण गरिएको थियो । उक्त प्रश्नावलीको आधारमा स्थानीय बुद्विजीवी व्यक्तिहरुले दिएको प्रतिक्रियालाई निम्न अनुसार व्याख्या गरिएको छ ।

छनौटमा परेका ५ जना स्थानीय बुद्विजीवीहरुलाई सोधिएको खुल्ला प्रश्नावलीमा सबैको अधिकांश सकारात्मक प्रतिक्रिया पाइयो । जसमा उनीहरुले दुवैविद्यालयमा कार्यरत शिक्षकहरु योग्यतावान, क्षमतावान, विषयवस्तुमा दक्षतावान, तालिम प्राप्त रहेका सबैले विद्यार्थीहरुले रुचि र क्षमतालाई ध्यान दिइ शिक्षण गर्ने गरेको, सबै शिक्षकहरुले आफ्नो दायित्वलाई जिम्मेवारी पूर्ण रुपमा पालना गर्ने गरेको, आदि प्रतिक्रिया पाइयो । यसबाट शिक्षकहरुको कार्यप्रति सकारात्मक दृष्टिकोण रहेको पाइयो ।

यसका साथै उनीहरुले दिएको अन्य प्रतिक्रियामा सामुदायिक विद्यालयका अधिकांश शिक्षकहरु विदामा बस्ने गरेको, विद्यालयमा उपस्थित भएतापनि नियमित रुपमा कक्षाकोठामा नजाने गरेको, कक्षाकोठामा गएता पनि पूरा समय नपढाउने गरेको प्रतिक्रिया पाइयो ।

### ४.१.८ सामुदायिक प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरुको कार्यप्रति विद्यार्थीहरुको दृष्टिकोण

छनौटमा परेका सामुदायिक प्राथमिक विद्यालयका ६ जना विद्यार्थीसँग शिक्षकहरुको कार्यप्रतिको दृष्टिकोण कस्तो छ भनी पत्ता लगाउनको लागि खुल्ला प्रश्नावली निर्माण गरिएको थियो । ती प्रश्नावलीको आधारमा विद्यार्थीहरुले दिएको प्रतिक्रियालाई निम्न अनुसार व्याख्या गरिएको छ ।

छनौटमा परेका ६ जना विद्यार्थीहरुलाई सोधिएको खुल्ला प्रश्नावलीमा सबैको अधिकांश सकारात्मक प्रतिक्रिया पाइयो । उनीहरुले त्यस विद्यालयका कार्यरत शिक्षकहरुले बुझाएर पढाउने गर्ने गरेको, सबैलाई माया गर्ने गरेको, बेला–बेलामा पढाउनु भन्दा अगाडि विभिन्न किसिमको चुट्किलाहरु बताउने गरेको, शैक्षिक सामग्रीहरुको बेला–बेलामा प्रयोग गर्ने गरेको, नजानेको कुराहरु सोधेमा खुशी भएर बताइदिने गरेको आदि प्रतिक्रिया व्यक्त गरेको पाइयो । यि माथि उल्लेदित विद्यार्थीहरुबाट प्राप्त प्रतिक्रियाको आधारमा शिक्षकहरुको कार्यप्रति विद्यार्थीहरुको दृष्टिकोण सकारात्मक रहेको पाइयो ।

यसका अलवा उनीहरुबाट आएको अन्य प्रतिक्रियामा केही शिक्षकहरुले गृहकार्य नगरेमा पिट्ने, कक्षाकोठामा प्रश्नहरु सोधेको बेला त्यसको उत्तर नजानेको खण्डमा सजाय दिने, कहिलेकाही शिक्षकहरु आफ्नो पिरियडमा कक्षामा नआइकन बस्ने , कक्षाकोठामा आएता पनि मेरो यस्तो काम पऱ्यो भनी छिट्टै कक्षाकोठाबाट हिड्ने आदि प्रतिक्रिया पाइयो । यसबाट के स्पष्ट हुन आउँछ भने शिक्षकहरुको कार्यप्रति विद्यार्थीहरुको दृष्टिकाण पनि नकारात्मक रहेको पाइयो ।

### ४.१.९ संस्थागत प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरुको कार्यप्रति विद्यार्थीहरुको दृष्टिकोण

छनौटमा परेका सस्थागत प्राथमिक विद्यालयका ६ जना विद्यार्थीसँग शिक्षकहरुको कार्यप्रतिको दृष्टिकोण कस्तो छ भनी पत्ता लगाउनको लागि खुल्ला प्रश्नावली निर्माण गरिएको थियो । ती प्रश्नावलीको आधारमा विद्यार्थीहरुले दिएको प्रतिक्रियालाई निम्न अनुसार व्याख्या गरिएको छ ।

छनौटमा परेका ६ जना विद्यार्थीहरुलाई सोधिएको खुल्ला प्रश्नावलीमा सबैको अधिकांश सकारात्मक प्रतिक्रिया पाइयो । उनीहरुले त्यस विद्यालयका कार्यरत शिक्षकहरु राम्रा रहेका, सबैले राम्रोसँग बुझाएर पढाउने गर्ने गरेको, नियमित विद्यालय उपस्थित भई कक्षाकोठामा पनि नियमित गइ पढाउने गर्ने गरेको, पढाउने बेलामा विभिन्न चुट्किलाहरु पनि सुनाउने गर्ने गरेको, बेला–बेलामा मिस मेडमहरुबाट गीतहरु पनि गाएर सुनाउने गरेको, हामीहरुलाई पनि गाउन लगाउने गरेको, आदि प्रतिक्रिया व्यक्त गरेको पाइयो । ति

उल्लेखित प्रतिक्रियाहरुको आधारमा शिक्षकहरुको कार्यप्रति विद्यार्थीहरुको दृष्टिकोण सकारात्मक रहेको पाइयो ।

यसका अलवा उनीहरुबाट आएको अन्य प्रतिक्रियामा गृहकार्य नगरेको खण्डमा सजाय पाइने, शिक्षकहरुले दिएको विषयवस्तुको कुराहरु घोक्नै पर्ने, कडा अनुशासनमा रहनु पर्ने, नियमित विद्यालय उपस्थित हुनै पर्ने, आदि प्रतिक्रिया दिएको पाइयो । यसबाट पनि के स्पष्ट हुन्छ भने शिक्षकहरुको कार्यप्रति विद्यार्थीहरुको दृष्टिकोण पनि नकारात्मक रहेको पाइयो ।

## ४.२ प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरुले शिक्षणमा भोगेका समस्याहरु

यस अध्ययन अन्तर्गत शिक्षकहरुले शिक्षणमा भोगेका समस्याहरुको सम्बन्धमा नमूना छनोटमा परेका सामुदायिक विद्यालय र संस्थागत प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरुसँग अन्तर्वार्ता र छलफल लिइएको थियो । यसरी अन्तर्वार्ता र छलफलको क्रममा शिक्षकहरुले भोग्नु परेका समस्याहरुको सम्बन्धमा प्राप्त तथ्याङ्कहरु निम्न अनुसार उल्लेख गरिएको छ ।

### ४.२.१ सामुदायिक प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरुले शिक्षणमा भोगेका समस्याहरुको बारेका प्राप्त प्रतिक्रिया

यस अध्ययनको क्रममा प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरुले शिक्षणमा भोगेका समस्याहरु अवस्थाको बारेमा पत्ता लगाउनको लागि अनुसन्धानकर्ता स्वयम् अध्ययन क्षेत्रमा उपस्थित भई नमूना छनौटमा परेको सामुदायिक प्राथमिक विद्यालयका कार्यरत जम्मा ६ जना शिक्षकहरुसँग अन्तर्वार्ता र छलफल लिइएको थियो । उक्त अन्तर्वार्ता र छलफल बाट प्राप्त तथ्याङ्कहरुलाई तालिकामा प्रस्तुत गरी व्याख्या गरिएको छ ।

**तालिका नं. ४.३**

**सामुदायिक प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरुले भोगेका समस्याहरुको बारेमा प्राप्त प्रतिक्रिया**

| विवरण | प्रतिक्रिया | सङ्ख्या |
|---|---|---|
| शिक्षक निर्देशिका, पाठ्यक्रम र स्रोत सामग्रीको उपलब्धता सम्बन्धमा | पर्याप्त मात्रा | – |
| | कम मात्रामा | ६ |
| | नभएको | – |
| स्वअध्ययन सामग्री उपलब्धता | पर्याप्त मात्रामा | – |
| | कम मात्रामा | १ |
| | नभएको | ५ |
| तालिम सम्बन्धी | बेलाबेलामा | – |
| | वर्षको एकचोटि | २ |
| | तालिमै नभएको | ४ |
| तलब सम्बन्धी | सन्तुष्ट | १ |
| | असन्तुष्ट | ५ |
| शैक्षिक सामग्री उपलब्धता सम्बन्धमा | आवश्यक मात्रामा उपलब्ध | – |
| | अपर्याप्त | ६ |
| प्र.अ. स्रोतव्यक्ति, व्यवस्थापन समिति, अभिभावक, स्थानीय सदस्यबाट प्राप्त सहयोगका सम्बन्धमा | धेरै सहयोग | – |
| | सामान्य सहयोग | ४ |
| | सहयोग नभएको | २ |
| अन्य कार्यक्रमहरुमा सहभागी हुने अवसर सम्बन्धमा | सहभागी भइन्छ | – |
| | कम सहभागी भइन्छ | २ |
| | सहभागी भइँदैन | ४ |

स्रोत :– स्थलगत सर्वेक्षण, २०६९ ।

माथिको तालिकालाई विश्लेषण गर्दा शिक्षकले शिक्षणमा भोगेका समस्याहरु निम्न अनुसार रहेको पाइयो । शिक्षकले शिक्षण गर्दा शिक्षक निर्देशिका, पाठ्यक्रम र स्रोत

सामग्रीको उपलब्धता सम्बन्धमा के–कस्तो समस्या रहेको छ भन्ने सन्दभएमा पर्याप्त मात्रामा उपलब्ध हुन्छन् भन्नेमा कसैले पनि प्रतिक्रिया दिएनन् । कममात्र उपलब्ध हुन्छन् भन्नेमा ६ जनाले प्रतिक्रिया दिए । यसैकारण माथि उल्लेखित प्रतिक्रियाका आधारमा शिक्षकलाई शिक्षणमा समस्या रहेको देखियो ।

त्यसैगरी शिक्षकहरुलाई स्वअध्ययन सामग्रीहरुको उपलब्धता के–कस्तो छ भन्ने बारेमा शिक्षकहरुको प्रतिक्रिया बुझ्दा पर्याप्त मात्रामा भन्नेमा कुनैपनि शिक्षकहरुको प्रतित्रिया आएन भने कम मात्रामा १ जना र नभएकोमा ५ जनाको प्रतिक्रिया पाइयो । यसरी माथिका भनाइहरुको आधारमा शिक्षकहरुमा स्वअध्ययन सामग्रीको समस्या देखिएको थियो ।

यसरी शिक्षकहरुलाई तालिम सम्बन्धि के–कस्तो व्यवस्था गरिएको छ र तपाईंहरु कति–कति समयमा तालिम पाउनुहुन्छ भन्ने प्रश्नमा प्रतिक्रिया लिँदा बेला–बेलामा कसैको पनि प्रतिक्रिया आएन भने बर्षको एकचोटीमा २ जना र तालिमै नभएकोमा ४ जना शिक्षकहरुको प्रतिक्रिया पाइयो । माथिको प्रतिक्रियाको आधारमा शिक्षकहरुमा तालिमको समस्या रहेको देखियो ।

शिक्षकहरुले पेशा अवलम्बन गर्दा तलबसम्बन्धी समस्या रहेको बताए । प्राथमिक शिक्षकहरु आश्रनो तलब सम्बन्धमा असन्तुष्ट रहेको पाइयो । उनीहरुलाई तपाइ आफ्नो तलबमा कतिको सन्तुष्टि हुनुहुन्छ भन्ने प्रश्नमा प्रतिक्रिया लिँदा १ जना शिक्षकले मात्र सन्तुष्ट रहेको बताए भने ५ जना शिक्षकले असन्तुष्ट रहेको बताए । यसबाट पनि के स्पष्ट हुन्छ भने अधिकांश प्राथमिक विद्यालयका शिक्षकहरु आफ्नो तलबमा सन्तुष्ट नभएको पाइयो ।

शैक्षिक सामग्रीको उपलब्धताको सम्बन्धमा शिक्षकहरुसँग राखेको प्रश्नमा आवश्यक मात्रामा उपलब्ध हुन्छ भन्नेमा कसैको पनि प्रतिक्रिया आएन भने अपर्याप्त मात्रामा भन्नेमा ६ जना शिक्षकहरुको प्रतिक्रिया रहेको थियो । यसकारण शिक्षकहरुको प्रतिक्रियाको आधारमा शैक्षिक सामग्रीको अभाव देखिएको हुनाले समस्या रहेको पाइयो ।

त्यसैगरी शिक्षकहरुलाई प्र.अ. स्रोतव्यक्ति, व्यवस्थापन समिति, स्थानीय सदस्यहरुबाट के–कस्ता सहयोग प्राप्त गर्नुभएको छ भन्ने प्रश्नमा धेरै सहयोगमा कुनै पनि शिक्षकहरुले प्रतिक्रिया दिएनन् भने सामान्य सहयोगमा ४ जन, र सहयोग नभएकोमा २ जना शिक्षकहरुले प्रतिक्रिया दिए । यसबाट पनि के विश्लेषणगर्न सकिन्छ भने प्राथमिक विद्यालयको रेखदेख गर्न पूर्ण अधिकार पाएका जिम्मेवार व्यक्तिहरुबाट नै शिक्षकहरुको शिक्षणमा बाधा र समस्या देखिएको थियो ।

यसैगरी शिक्षकहरुलाई विद्यालयभन्दा अन्य कुन–कुन कार्यक्रममा सहभागी हुन अवसर पाइन्छ भन्ने प्रश्नको उत्तरमा अधिकांश शिक्षकहरुले सहभागी भइदैन भन्ने प्रतिक्रिया दिएका हुनाले प्रायः शिक्षकहरु विद्यालयभन्दा अन्य अवसरहरुमा सहभागी नभएको पाइयो ।

यसरी माथि प्राप्त तथ्याङ्कको आधारमा शिक्षकका पेशा अवलम्बनमा देखिएको समस्याहरु न्यून स्रोत र साधनको उपलब्धता, सम्बन्धित सरोकारवालाहरुले उपयुक्त स्तरमा चासो नदिनु, शिक्षकहरुलाई बेला–बेलामा Refreshing Training को व्यवस्था नहुनु, कारणहरुले गर्दा समस्याहरु रहेको पाइयो ।

### ४.२.२ संस्थागत प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरुले भोगेका समस्याहरुको बारेमा प्राप्त प्रतिक्रिया

यस अध्ययनको क्रममा संस्थागत प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरुले भोगेका समस्याहरुको बारेमा पत्तालगाउनको लागि अनुसन्धानकर्ता स्वयम् अध्ययन क्षेत्रमा उपस्थित भई नमूना छनौटमा परेको संस्थागत प्राथमिक विद्यालयमा कार्यरत जम्मा १० जना शिक्षकहरुसँग अन्तर्वार्ता गरिएको थियो । उक्त अन्तर्वार्ता र छलफलबाट प्राप्त तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी विश्लेषण र व्याख्या गरिएको छ ।

### तालिका नं. ४.४

### संस्थागत प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरुले भोगेका समस्याहरुको बारेमा प्राप्त प्रतिक्रिया

| विवरण | प्रतिक्रिया | सङ्ख्या |
|---|---|---|
| शिक्षक निर्देशिका, पाठ्यक्रम र स्रोत सामग्रीको उपलब्धता सम्बन्धमा | पर्याप्त मात्रा | – |
| | कम मात्रामा | ७ |
| | नभएको | ३ |
| स्वअध्ययन सामग्री उपलब्धता | पर्याप्त मात्रामा | – |
| | कम मात्रामा | ४ |
| | नभएको | ६ |
| तालिम सम्बन्धी | बेलाबेलामा | – |
| | वर्षको एकचोटि | २ |
| | तालिमै नभएको | ८ |
| तलब सम्बन्धी | सन्तुष्ट | – |
| | असन्तुष्ट | १० |
| शैक्षिक सामग्री उपलब्धता सम्बन्धमा | आवश्यक मात्रामा उपलब्ध | – |
| | अपर्याप्त | ३ |
| प्र.अ. स्रोतव्यक्ति, व्यवस्थापन समिति, अभिभावक, स्थानीय सदस्यबाट प्राप्त सहयोगका सम्बन्धमा | धेरै सहयोग | ७ |
| | सामान्य सहयोग | – |
| | सहयोग नभएको | १० |
| अन्य कार्यक्रमहरुमा सहभागी हुने अवसर सम्बन्धमा | सहभागी भइन्छ | – |
| | कम सहभागी भइन्छ | ४ |
| | सहभागी भइँदैन | ६ |

स्रोत :– स्थलगत सर्वेक्षण, २०६९ ।

माथिको तालिकालाई विश्लेषण गर्दा शिक्षकले शिक्षणमा भोगेका समस्याहरु निम्न अनुसार रहेको पाइयो ।

शिक्षकले शिक्षण गर्दा शिक्षक निर्देशिका, पाठ्यक्रम र स्रोत सामग्रीको उपलब्धता के–कस्तो रहेको छ भन्नेमा कम मात्रामा उपलब्धतामा ६ जना शिक्षकले प्रतिक्रिया दिए र नभएकोमा ३ जना शिक्षकले प्रतिक्रिया दिए । यसकारण माथि उल्लेखित प्रतिक्रियाको आधारमा शिक्षकलाई शिक्षणमा समस्या रहेको देखियो ।

यसैगरी स्वअध्ययन सामग्रीको उपलब्धताको सम्बन्धमा के–कस्तो छ ? भन्ने प्रश्नमा ४ जनाले कम मात्रामा र ६ जना शिक्षकले नभएको प्रतिक्रिया दिए । माथि दिएको प्रतिक्रियाको आधारमा के भन्न सकिन्छ भने शिक्षकहरुमा स्वअध्ययन सामग्रीको समस्या देखिएको थियो ।

शिक्षकहरुलाई तालिमा सम्बन्धी के–कस्तो व्यवस्था गरिएको छ र तपाइहरु कति–कति समयमा तालिम पाउनुहुन्छ भन्ने प्रश्नमा प्रतिक्रिया लिँदा २ जनाले वर्षको एकचोटी र ८ जनाले तालिमै नलिएको प्रतिक्रिया पाइयो । यसबाट पनि के स्पष्ट हुन्छ भने शिक्षकहरुले तालिम नपाएको कारणले गर्दा विषयवस्तुहरुलाई सजिलोसँग विद्यार्थीहरुलाई बुझाउन नसकेको पाइन्छ ।

शिक्षकहरुले तलब सम्बन्धमा असन्तुष्ट रहेको बताए । प्राथमिक शिक्षकहरु आफ्नो तलबबाट कतिको सन्तुष्टि हुनुहुन्छ भन्ने प्रश्नमा प्रतिक्रिया लिँदा १० जना शिक्षकहरुले असन्तुष्ट रहेको बताए । यसबाट के स्पष्ट हुन्छ भने प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरु आफ्नो तलबमा असन्तुष्ट रहेको पाइयो । यसलाई पनि उनीहरुको समस्याको रुपमा लिन सकिन्छ ।

त्यसैगरी प्र.अ., व्यवस्थापन समिति, अभिभावक र स्थानीय सदस्यबाट के–कस्ता सहयोग प्राप्त गर्नुभएको छ भन्ने प्रश्नमा ३ जनाले सामान्य सहयोग र ७ जनाले सहयोग नभएको प्रतिक्रिया दिएको पाइयो । यसबाट पनि के विश्लेषण गर्न सकिन्छ भने प्राथमिक विद्यालयको रेखदेख गर्न पूर्ण अधिकार पाएका जिम्मेवारी व्यक्तिहरुबाट नै शिक्षकको शिक्षणमा बाधा वा समस्या देखिएको थियो ।

शैक्षिक सामग्रीको उपलब्धता सम्बन्धमा शिक्षकहरुसँग राखिएको प्रश्नमा १० जनाले अपर्याप्त मात्रामा उपलब्ध छ भन्ने प्रतिक्रिया दिए । यस प्रतिक्रियाको आधारमा शैक्षिक सामग्रीको अभाव देखिएको हुनाले समस्या रहेको पाइयो ।

त्यसैगरी विदा सम्बन्धमा के–कस्तो व्यवस्था छ त भन्ने प्रश्नमा ४ जना शिक्षकले अलि–अलि पाइने र ६ जना शिक्षकहरुले नपाइने प्रतिक्रिया दिएको पाइयो । यसबाट पनि के स्पष्ट हुन्छ भने प्राथमिक विद्यालयका अधिकांसले शिक्षकहरुले विदा नपाउने गर्दा यसमा पनि समस्या रहेको पाइयो ।

# अध्याय – पाँच

# प्राप्ति, निष्कर्ष र सुझाव

प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरुको कार्यप्रति सरोकारवालाहरुको दृष्टिकोण पत्ता लगाउनु, र शिक्षकहरु भोगेका समस्याहरु पत्ता लगाउन जस्ता उद्देश्यहरुमा केन्द्रित रही अध्ययन गरिएको थियो । जसको प्राप्ति, निष्कर्ष र सुझावहरु निम्न अनुसार प्रस्तुत गरिएको छ ।

## ५.१ प्राप्ति

यस अध्ययनको क्रममा विभिन्न साधनहरुको प्रयोग गरी प्राप्त गरिएका सूचना तथा तथ्याङ्कहरुको विश्लेषण र व्याख्याको आधारमा निम्न अनुसारका प्राप्तिहरु प्राप्त भएका छन् ।

- सामुदायिक प्राथमिक विद्यालय कार्यरत शिक्षकहरुको कार्य प्रतिको अवस्थाको बारेमा त्यस विद्यालयका प्र.अ. को प्रतिक्रियामा शिक्षकहरुमा विषयवस्तुको ज्ञान, बालमनोविज्ञानको ज्ञान, शिक्षण पद्धतिको ज्ञान, बालबालिकाहरुसँगको व्यवहारमा उत्तम प्रतिक्रिया रहेको पाइयो भने कक्षा व्यवस्थापन, बालबालिकाहरुको रुचि, क्षमता अनुसाको शिक्षण, शैक्षिक सामग्री निर्माण र प्रयोगको अवस्था, अनुशासन, अध्ययनशील, र जिज्ञासु, उपस्थित र शैक्षिक योजना तथा मूल्याङ्कनमा मध्यम प्रतिक्रिया रहेको पाइयो ।

- संस्थागत प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरुको कार्यप्रतिको अवस्थाको सम्बन्धमा त्यस विद्यालयका प्र.अ. को प्रतिक्रिया अनुसार शिक्षकहरुमा विषयवस्तुको ज्ञान,कक्षा व्यवस्थापनको अवस्था, अनुशासन, अध्ययनशलि र जिज्ञासु, उपस्थिति, बालबालिकाहरुसँगको व्यवहारमा उत्तम प्रतिक्रिया पाइयो भने बालमनोविज्ञानको ज्ञान, बालबालिकाहरुको रुचि र क्षमता अनुसारको शिक्षण, शैक्षिक सामग्री निर्माण, शैक्षिक सामग्री निर्माण र

प्रयोगको आवस्था, शैक्षिक योजना तथा मूल्याङ्कनमा मध्यम प्रतिक्रिया रहेको पाइयो ।

- सामुदायिक प्राथमिक विद्यालय कार्यरत शिक्षकहरुको कार्य प्रतिको अवस्थाको बारेमा सामुदायिक विद्यालयका विद्यार्थीहरुबाट प्राप्त प्रतिक्रियाका आधारमा शिक्षकहरुको विषयवस्तुको प्रस्तुतिकरणमा अधिकांशको राम्रो रहेको प्रतिक्रिया दिएको पाइयो ।

- दुवै विद्यालयका अधिकांश शिक्षकहरुले स्पष्ट बुझिने भाषा प्रयोग गरी शिक्षण कार्य गर्ने गरेको प्रतिक्रिया पाइयो ।

- संस्थागत विद्यालयका विद्यार्थीहरुको रुचिलाई ख्याल गरी शिक्षण काष्ए गर्ने गरेको प्रतिक्रिया पाइयो ।

- दुवै विद्यालयका शिक्षकहरुले शैक्षिक सामग्री प्रयोग कहिले काही मात्र प्रयोग गर्ने, गृहकार्य पनि कहिलेकाही मात्र दिने, पढ्नलाई प्रेरित गर्नको लागि पुरस्कार पनि नदिने, विद्यार्थीहरुसँग गर्ने व्यवहार सामान्य किसिमको हुने, विद्यार्थी सिकाइ मूल्याङ्कन पनि नियमित रुपमा नगर्ने गरेको विद्यार्थीहरुको प्रतिक्रियाबाट पाइयो ।

- संस्थागत प्राथमिक विद्यालयका शिक्षकहरुको शिक्षणकार्य प्रतिको अवस्थाको बारेमा संस्थागत विद्यालयका विद्यार्थीहरुबाट प्राप्त प्रतिक्रियाका आधारमा शिक्षकहरुको विषयवस्तु प्रस्तुतिकरण उत्तम रहेको पाइयो ।

- शिक्षकको भाषा स्पष्ट बुझिने, शिक्षकको उपस्थिति नियमित हुने, शिक्षकहरुले विद्यार्थीहरुसँग गर्ने व्यवहार राम्रो रहेको, गृहकार्य पनि सधैँ दिइरहने, विद्यार्थीहरुले सिकाइ मुल्याङ्कन पनि संधै गरिरहने, पढ्नलाई प्रेरित गर्नमा पुरस्कार दिनेमा अधिकांश विद्यार्थीहरुको उत्तम प्रतिक्रिया रहेको पाइयो ।

- दुवै विद्यालयका शिक्षण सम्बन्धमा विद्यार्थीको रुचि अनुसार नगरिएको, शैक्षिक सामग्रीको प्रयोग नियमित रुपमा नगरेको प्रतिक्रिया पाइयो ।

- सामुदायिक विद्यालयका शिक्षकहरुमा विषयवस्तुको ज्ञान मध्यमा किसिमको रहेको पाइयो ।

- सामुदायिक प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरुमा बालमनोविज्ञानको ज्ञान, शिक्षण पद्धतिको ज्ञान, कक्षा व्यवस्थापन, बालबालिकाहरुको रुचि र क्षमता अनुसारको शिक्षण, शैक्षिक सामग्री निर्माणको अवस्था र प्रयोग, निरन्तर अभ्यास, अध्ययनशील र जिज्ञासु, बालबालिकाहरुसँगको व्यवहार, शैक्षिक योजना तथा मूल्याङ्कनको अवस्था, गृहकार्य र नेतृत्वको अवस्थामा अधिकांश शिक्षकहरुके मध्यम रहेको पाइयो ।

- सामुदायिक विद्यालयका शिक्षकहरुको अनुशासन र उपस्थितिमा शिक्षकहरुको उत्तम किसिमको रहेको पाइयो ।

- संस्थागत प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरुमा विषयवस्तुको ज्ञान, अनुशासन, उपस्थिति, बालबालिकाहरुसँगको व्यवहार, गृहकार्य र नेतृत्वको अवस्थामा उत्तम रहेको पाइयो ।

- संस्थागत प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरुमा बालमनोविज्ञानको ज्ञान, शिक्षण पद्धतिको ज्ञान, कक्षा व्यवस्थापन, शैक्षिक सामग्री निर्माण र प्रयोगको अवस्था, निरन्तर अभ्यास, अध्ययनशील र जिज्ञासु, शैक्षिक योजना तथा मूल्याङ्कनको आधारमा मध्यम किसिम रहेको पाइयो ।

- दुवै विद्यालयको बालबालिकाहरुको रुचि, र क्षमता अनुसारको शिक्षणमा न्यून किसिमको रहेको पाइयो ।

- सामुदायिक र संस्थागत प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरुको कार्यप्रति दुवै विद्यालयका प्र.अ. हरुको अधिकांश दृष्टिकोण सकारात्मक रहेको पाइयो ।

- सामुदायिक र संस्थागत विद्यालय व्यवस्थापन समिति अध्यक्ष, अभिभावक, स्थानीय बुद्धिजीवी व्यक्ति, र विद्यार्थीहरुको अधिकांश दृष्टिकोण पनि सकारात्मक रहेको पाइयो ।
- सामुदायिक र संस्थागत विद्यालयमा शिक्षक निर्देशिका र स्रोत सामग्रीको उपलब्धतामा समस्या रहेको पाइयो ।
- दुवै विद्यालयका शिक्षकहरुलाई स्वअधययन सामग्रीहरुको उपलब्धता समस्या रहेको पाइयो ।
- दुवै विद्यालयका शिक्षकहरुलाई दिइने तालिमको अभाव रहेको पाइयो ।
- सामुदायिक विद्यालयका शिक्षकहरु आफूले पाउने तलबमा सन्तुष्ट नभएको पाइयो ।
- दुवै विद्यालयका शिक्षकहरु प्रायः विद्यालयीय कार्यक्रमहरु भन्दा अन्य कार्यक्रममा सहभागी नभएको पाइयो ।
- दुवै विद्यालयका शिक्षकहरुलाई प्र.अ. विद्यालय व्यवस्थापन समिति अध्यक्ष, स्रोत व्यक्ति, अभिभावक र स्थानीय सदस्यहरुबाट आवश्यक निर्देशन र परामर्श नभएको पाइयो ।
- दुवै विद्यालयका विदा सम्बन्धमा पनि प्रायः शिक्षकहरु सन्तुष्ट नरहेको पाइयो ।

## ५.२ निष्कर्ष

प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरुको कार्यप्रतिको कार्यप्रति सरोकारवालाहरुको दृष्टिकोण अध्ययनबाट शिक्षकहरुमा जति ज्ञान, सीप र प्रवृतिको भरिपूर्ण हुनुपर्ने त्यस किसिमको नभएको पाइयो । शिक्षकहरुमा बालमनोविज्ञानको ज्ञान, कक्षा व्यवस्थापन, बालबालिकाहरुको रुचि र क्षमता अनुसारको शिक्षण, शैक्षिक सामग्रीको निर्माण र प्रयोग शैक्षिक योजना तथा मूल्याङ्कन आदिमा सामान्य किसिमको रहेको पाइयो । यसरी शिक्षकहरुमा उक्त किसिमको कमी आउनुको प्रमुख कारणहरुमा शिक्षकहरु आफ्नो कार्यप्रति सन्तुष्ट नरहेको, बेला–बेलामा शिक्षकहरुलाई प्रभावकारी तालिमको अभाव, न्यून तलब,

निरन्तर अभ्यासको कमी, स्वअध्ययन सामग्रीको अभाव, उचित शिक्षक निर्देशिका, पाठ्यक्रम र विभिन्न स्रोतसामग्रीको अभाव आदि रहेको पाइन्छ । त्यस्तै प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरुको कार्यप्रति सरोकारवालाहरुको दृष्टिकोणमा केही सकारात्मक र केही नकारात्मक रहेको पाइयो । नकारात्मक दृष्टिकोण रहनुमा पनि केही हदसम्म शिक्षकहरुको कमी कमजोरी पनि देखिन्छ । शिक्षकहरुले आफ्नो कार्यलाई जिम्मेवार पूर्ण रुपमा वहन गर्न नसक्नु, आफूले पाएको जिम्मेवारबाट पन्छिन खोज्नु, आफ्नो कार्यको बारेमा पूर्ण रुपमा जानकारी नहुनु, शिक्षक, विद्यालय प्रशासन, विद्यालय व्यवस्थापन समिति, अभिभावक र विद्यार्थीहरु बीचको जुन सम्बन्ध हो त्यो सम्बन्ध अलि साँघुरिदै जानु आदि विविध कारणहरु पाइन्छ । त्यसैगरी प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरुको शिक्षणमा भोग्नु परेका विभिन्न समस्याहरुमा विद्यालयमा उपयुक्त मात्रामा पाठ्यक्रम शिक्षक निर्देशिका, स्वअध्ययन सामग्रीका साथै उचित स्रोत सामग्रीको अभाव हुनु, सम्बन्धित विषयवस्तुमा शिक्षकहरुलाई तालिमको व्यवस्था नहुनु, तालिम नदिएको कारणले गर्दा विषयवस्तुसँग सम्बन्धित शैक्षिक सामग्रीको निर्माण गरी शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्न कठिनाई हुनु, आफूले पाएको तलबमा सन्तुष्ट नरहनु, विद्यालयका प्र.अ. विद्यालय व्यवस्थापन समिति, अभिभावक, आदिबाट प्राप्त सहयोग नहुनु, आदि समस्याहरु रहेको पाइयो ।

## ५.३ सुझाव

यस शोधकार्य प्रांथमिक विद्यालयमा कार्यरत शिक्षकहरुको कार्यप्रति सरोकारवालाहरुको दृष्टिकोण अध्ययनको क्रममा प्राप्त सूचनाहरुको विश्लेषण र व्याख्याबाट उपलब्ध सूचनाहरुको आधारमा यसलाई प्रभावकारी बनाउन निम्न सुझावहरु प्रस्तुत गरिएको छ ।

- प्राथमिक विद्यालयमा कार्यरत सबै शिक्षकहरुलाई तालिमको व्यवस्था गर्नुपर्दछ ।
- शिक्षकहरुका पेशागत गुणहरुमा अभिवृद्धि गर्न र उनीहरुको कार्यप्रति आकर्षित र सन्तुष्ट बनाउनको लागि उनीहरुको पेशा सुरक्षाको प्रत्याभूति गराउनुको साथै सेवा सुविधामा वृद्धि गर्नुपर्दछ ।

- शिक्षकहरुमा शिक्षण सिकाइ क्रियाकलापमा आइपरेका समस्या समाधान गर्न सक्ने क्षमता मध्यम रहेकोले उनीहरुलाई विषयवस्तुसँग सम्बन्धित तालिम दिने, शैक्षिक योग्यता बढाउनको लागि प्रोत्साहन गर्ने, विषयवस्तुसँग सम्बन्धित पर्याप्त शैक्षिक सामग्रीहरुको व्यवस्था गरिनुपर्दछ ।

- प्र.अ. ले विद्यालय व्यवस्थापन समिति, अभिभावक, स्थानीय निकायका व्यक्तिहरुलाई शिक्षकहरुले गरेको कार्यको बारेमा जानकारी गराउनुपर्दछ ।

- विद्यालय व्यवस्थापन समिति, अभिभावक, स्थानीय निकायका व्यक्तिहरुले विद्यालयमा गई शिक्षकहरुले गरेको कार्यको निरीक्षण गर्नुको साथै उनीहरुले शिक्षण गर्दा भोग्नु परेका समस्याहरुको बारेमा जानकारी लिनु पर्दछ । त्यसको समस्याको बारेमा उचित कदम चाल्नुपर्दछ ।

- शिक्षकहरुले ठीक १० वजे देखि ४ वजेसम्म विद्यालयमा नियमित रुपमा उपस्थित भई आफ्नो कार्य जिम्मेवारी पूर्ण रुपमा पूरा गर्नुपर्दछ ।

- शिक्षण सिकाइ क्रियाकलापमा आइपरेका विभिन्न समस्याहरुलाई तुरुन्तै शिक्षकहरु बीचमा राखेर त्यसको समाधान गर्ने तर्फ लाग्नु पर्दछ ।

- विद्यालयका प्र.अ. ले शिक्षकहरुको कक्षा शिक्षणको निरिक्षण गर्नुका साथै उनीहरुको कक्षा शिक्षणमा देखिएका कमजोरीहरुलाई अगालि तुरुन्तै पृष्ठपोषण दिनुपर्दछ ।

- शिक्षकहरुले विद्यालयको आचार सहिंतालाई पालना गर्नुपर्दछ ।

- शिक्षकहरुले शिक्षण सिकाईलाई प्रभावकारी बनाउनको लागि पर्याप्त मात्रामा शैक्षिक सामग्रीको निर्माण गरी प्रयोग गर्नुपर्दछ ।

- शिक्षकहरुले शैक्षणिक समस्यालाई शिक्षक बैठकमा राखि छलफल, अन्तर्क्रियाको माध्यमबाट सुधार गर्न लाग्नुपर्दछ ।

- विद्यालयका प्र.अ. विद्यालय व्यवस्थापन समिति, अभिभावक, शिक्षक, विद्यार्थीहरु बीच सुमधुर सम्बन्ध कायम हुनुपर्दछ ।

- शिक्षकहरुले भोग्नु परेका समयाहरुको समाधान गर्नका लागि उनीहरुको सेवा, सुविधा, तालिम,शिक्षक निर्देशिका, पाठ्यक्रम, स्वअध्ययन सामग्रीहरुको व्यवस्था गर्नुपर्दछ ।

- जिल्ला शिक्षा कार्यालयले बेला–बेलामा प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरुको गतिविधिहरुको निरिक्षण गर्नु पर्ने देखिन्छ ।

- शिक्षकहरुमा भएको ज्ञान, सीपको अझै विकास गर्नको लागि उनीहरुलाई बेला–बेलामा सेमिनार, गोष्टी, र शैक्षिक सम्मेलनमा भाग लिन प्रोत्साहित गर्नुपर्दछ ।

- शिक्षण सिकाई क्रियाकलापलाई प्रभावकारी बनाउन पर्याप्त मात्रामा शैक्षिक सामग्रीहरुको व्यवस्था गर्नुपर्दछ ।

- विद्यालयका प्र.अ. स्रोत व्यक्ति, विद्यालय व्यवस्थापन समिति, अभिभावकहरुबाट शिक्षकहरुलाई आफूबाट हुने सक्दो सहयोग गर्नुपर्दछ र शिक्षकहरुलाई कार्यप्रति प्रोत्साहित गर्नुपर्दछ ।

- शिक्षकहरुले सम्पूर्ण विद्यार्थीहरुलाई राम्रो व्यवहार गर्दै सिक्नको लागि प्रोत्साहित गर्नुपर्दछ ।

# सन्दर्भ सामग्री


तिमिल्सिना, विनोद खण्ड (२०६५), *शैक्षिक अनुसन्धान पद्धति,* कीर्तिपुर, काठमाडौं : क्षितिज प्रकाशन ।

शर्मा, चिरञ्जिवी र शर्मा, निर्मला (२०६७), *शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार,* भोटाहिटी, काठमाडौं : एम.के. पब्लीशर्स एण्ड डिष्ट्रिव्युटर्स ।

घिमिरे, निर्मल कुमार, (२०६६), *शिक्षकको पेशागत विकासका नमूनाहरु : एक विवेचना,* शिक्षा पत्रिका, सानोठिमी, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

शैक्षिक जनशक्ति विकास केन्द्र, (२०६७), *शिक्षकको पेशागत दक्षता विकास कार्यान्वयन पुस्तिका,* सानोठिमी, भक्तपुर : शैक्षिक जनशक्ति विकास केन्द्र ।

अनुसन्धान तथा शैक्षिक सूचना व्यवस्थापन शाखा (२०६५/०६६), *अध्ययनहरुको प्रतिवेदन,* नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभाग ।

शिक्षा पत्रिका (२०६६), *पाठ्यक्रम विकास केन्द्र,* सानोठिमी, भक्तपुर : शिक्षा मन्त्रालय ।

श्रेष्ठ, बैकुण्ठ (२०६७), *दुर शिक्षा,* सानोठिमी, भक्तपुर : शैक्षिक जनशक्ति विकास केन्द्र ।

खनाल, हरिबोल (२०६५), *शिक्षा जगतको वार्षिक पत्रिका शिक्षा,* सानोठिमी, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

गौतम, दिनानाथ (२०६७), *दुर शिक्षा,* सानोठिमी, भक्तपुर : शैक्षिक जनशक्ति विकास केन्द्र ।

वाग्ले, डा. मन प्रसाद (२०६५), *शिक्षा जगतको वार्षिक पत्रिका शिक्षा,* सानोठिमी, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

शर्मा, गोपीनाथ (२०६२), *शिक्षा आयोगको प्रतिवेदन,* पुतलीसडक, काठमाडौं : मकालु बुक्स एण्ड स्टेशनर्स ।

श्रेष्ठ दिना नाथ (२०६८), *शिक्षक मासिक पत्रिका,* ज्ञानविज्ञान शैक्षिक सहकारी संस्था लिमिटेड ।

अर्याल, रमा (२०६६), *शिक्षक* मासिक पत्रिका, जावलाखेल, ललितपुर : ज्ञानविज्ञान शैक्षिक सहकारी संस्था लिमिटेड ।

सिन्हा, डा. रामस्वरुप (२०६५), *शिक्षा जगतको वार्षिक पत्रिका शिक्षा,* सानोठिमी, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

देवकोटा, चित्रप्रसाद (२०६५), *शिक्षा जगतको वार्षिक पत्रिका शिक्षा,* सानोठिमी, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

पाण्डे, यज्ञराज (२०६७), *प्राथमिक विद्यालयका शिक्षकका पेशागत गुणहरु एक अध्ययन,* त्रि.वि. कीर्तिपुर : एम. एड. शोधपत्र ।

ज्ञवाली, गणेश (२०६६), *सामुदायिक प्राथमिक विद्यालयमा अध्ययनरत महिला शिक्षकहरुको पेशागत दृष्टिकोण एक अध्ययन,* त्रि.वि.कीर्तिपुर : एम.एड. शोधपत्र ।

विष्ट, मिनवहादुर (सन् २०१०), *नेपालमा महिला शिक्षकहरुको अवस्था,* काठमाडौँ : युनेस्को ।

## परिशिष्ट – १

## प्रधानाध्यापकको लागि तयार गरिएको अन्तर्वार्ता प्रश्नावली

विद्यालयको नाम : मिति :

प्र.अ.को नाम : शैक्षिक योग्यता :

सेवा अवधि :

१. तपाईको विद्यालयमा कार्यरत शिक्षकहरुको शैक्षिक योग्यता कति छ ?

२. कति जना शिक्षकहरु तालिम प्राप्त हुनुहुन्छ ?

३. शिक्षकहरुको विद्यालयमा उपस्थिती नियमित छ वा छैन ? छैन भने किन ?

४. शिक्षकहरुको कक्षा अवलोकन गर्नुभएको छ कि छैन ? यदि छ भने कति पटक गर्नुभएको छ ?

५. शिक्षकहरु विद्यार्थीप्रति कस्तो किसिमको व्यवहार देखाउँछन् ?

६. कक्षा शिक्षण गर्दा शिक्षकहरु बढी जसो कुन विधि प्रयोग गरि शिक्षण गर्दछन् ?

७. के शिक्षकहरुले शैक्षिक योजना बनाएर शिक्षण गरेका छन् ?

८. शिक्षकहरुले शिक्षण गर्दा शैक्षिक सामग्रीको प्रयोग के गरेका छन् ?

९. तपाईले शिक्षकहरुमा विषयवस्तुको ज्ञान कस्तो पाउनुभएको छ ?

१०. शिक्षकहरुमा शैक्षिक सामग्री निर्माण र प्रयोगको सीप रहेको छ कि छैन ?

११. शिक्षकहरुले वालवालिकाहरुको रुची, उमेर, क्षमता अनुसार शिक्षण गरेका छन् कि छैनन् ?

१२. शिक्षकहरुले वालवालिकाहरु प्र तिगर्ने व्यवहार कस्तो पाउनुभएको छ ?

१३. शिक्षकहरु विद्यालय आइसकेपछि निरन्तर कक्षा कोठामा जान्छन् कि जाँदैनन् ?

१४. के शिक्षकहरुले विद्यालयले वनाएको आचारसंहितालाई पूर्ण रुपमा पालना गरेका छन् ?

१५. के तपाईं सम्पुर्ण शिक्षकहरुले विद्यालयमा गरेको शिक्षण कार्य प्रति सन्तुष्ट हुनुहुन्छ ? किन ?

१६. तपाईलाई शिक्षकहरुले आफ्नो उत्तरदायित्व जिम्मेवारी रुपमा गरेको जस्तो लाग्छ कि लाग्दैन ?

१७. विद्यालयमा स्टाफ वैठक कति चोटी बस्नुभएको छ ?

१८. शिक्षकहरुका शिक्षण पेशामा रहेको समस्याहरु के के छन् ?

१९. शिक्षकहरुले बढी मात्रामा विदा मात्र लिन्छन् भन्ने सुनिन्छ ? तपाईको विद्यालयमा के छ ?

# परिशिष्ट – २

## शिक्षकका लागि तयार गरिएको अन्तर्वार्ता प्रश्नावली

विद्यालयको नाम : मिति :

शिक्षकको नाम : तालिम

प्राप्त/अप्राप्त :

शैक्षिक योग्यता :

सेवा अवधि :

१. तपाईले यो पेशा अवलम्वन गरेको कति समय भयो ?

२. किन तपाई यो क्षेत्रमा नैं प्रवेश गर्नुभएको हो ?

३. तपाईले पढाउँदा पाठ्योजनाको निर्माण गर्नुहुन्छ कि हुँदैन ? किन ?

४. तपाईले पढाउने विषयको पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको उपलब्धता छ कि छैन ?

५. तपाईले पढाउँदा शिक्षक निर्देशिकाको प्रयोग गर्नुहुन्छ कि हुँदैन ?

६. किन प्रयोग गर्नुहुन्छ ?

७. तपाई सम्वन्धित निकायबाट प्राप्त हुने तालिम, सेमिनार, गोष्ठीहरुमा सहभागी हुनुभएको छ कि छैन ?

८. तपाईले शैक्षिक सामग्री निर्माण र प्रयोगमा के कस्ता समस्याहरु भोग्नु भएको छ ?

९. तपाईले शिक्षण पेशामा भोग्नु भएको समस्याहरु के के हुन ?

१०. तपाईको समस्याहरुलाई समाधान गर्नको लागि कस्तो किसिमको पहल हुदै छ ?

११. तपाईले गर्नुभएको कार्यलाई विद्यालयका प्र.अ.ले कसरी लिनुभएको पाउनुभएको छ ?

१२. तपाईको विचरमा शिक्षण कार्यलाई प्रभावकारी बनाउनको लागि के कस्ता कुराहरुमा जोड दिनुपर्ला ?

१३. तपाईले प्र.अ., व्यवस्थापन समिति, अभिभावक र स्थानीय स्तरबाट के कस्ता सहयोगहरु पाउनुभएको छ ?

## परिशिष्ट – ३

## विद्यालय व्यवस्थापन समितिका अध्यक्षको लागि तयार गरिएको अन्तर्वाता प्रश्नावली

नाम : मिति :

पेशा : योग्यता :

१. तपाई विद्यालय व्यवस्थापन समितिको अध्यक्ष भएको कति भयो ?

२. व्यवस्थापन समितिको अध्यक्ष भएपछि विद्यालयको लागि के के कार्य गर्नुभयो ?

३. विद्यालयमा आएर शिक्षकहरुको कक्षा अवलोकन गर्नुभएको छ ?

४. शिक्षकहरुको कक्षा अवलोकनबाट के कुरा पाउनुभयो ?

५. शिक्षकहरु विद्यालयमा नियमित उपस्थित नहुने, उपस्थित भएपनि कक्षा कोठामा नजाने र कामको बहाना पारी छिट्टै हिड्छन भन्ने सुनिन्छ नि, के छ तपाईको विद्यालयमा ?

६. विद्यालयमा निरीक्षण गर्न आउँदा सबै शिक्षकहरु विद्यालयमा उपस्थित रहेको पाउनुभयो ?

७. विद्यालय र समुदायवीच सम्वन्ध बढाउने विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न शिक्षकहरुमा क्रियाशीलता के कस्तो हुन्छ होला ?

८. शिक्षकहरु शिक्षण कार्यमा बढी नियमित र लगनशील हुन्छन् वा हुदैनन् भन्ने कुरामा तपाई के भन्नुहुन्छ ?

९. शिक्षकहरुले शिक्षण सिकाई क्रियाकलापको वातावरण मनोरञ्जनात्मक बनाउँछन् वा बनाउँदैनन् ? यस सम्वन्धमा तपाई के भन्न चाहनुहुन्छ ?

१०. शिक्षकहरुले वालवालिकाहरु प्रति कस्तो व्यवहार गरेको पाउनुभयो ?

११. शिक्षण पेशा त खाली तलव मात्र खाएर बस्ने पेशा भन्छन् नि ? तपाईको विचारमा कस्तो लाग्छ ?

१२. के तपाई शिक्षकहरुले भनेको कार्य प्रति सन्तुष्ट हुनुहुन्छ ?

## परिशिष्ट – ४

# छनोट भएका विद्यालयका नाम र ठेगाना

| क.सं. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १ | श्रीमणि सङ्गम प्रा.वि. | दुम्किवास–४, नवलपरासी |
| २ | श्री लखन थापा मेमोरियल ऐकेडेमी | दुम्किवास–१, नवलपरासी |

### छनोट भएका सामुदायिक प्राथमिक विद्यालयका शिक्षकहरु

| क.सं. | शिक्षकको नाम | योग्यता |
|---|---|---|
| १ | राजेश खत्री | आइ.एड. |
| २ | जितबहादुर साहु | आइ.एड. |
| ३ | शर्मिला खनाल | वि.एड. |
| ४ | राधा पौडेल | आइ.एड. |
| ५ | गीता न्यौपाने | वि.एड. |
| ६ | रामप्रसाद अर्याल | वि.एड. |

### छनोट भएका संस्थागत प्राथमिक विद्यालयका शिक्षकहरु

| क.सं. | शिक्षकको नाम | योग्यता |
|---|---|---|
| १ | उपेन्द्र सुवेदी | आइ.एड. |
| २ | रामु सुवेदी | आइ.एड. |
| ३ | किशोर वि.क. | बि.ए. |
| ४ | पूर्णिमा थापा | आइ.एड. |
| ५ | रोशनी थापा | एस.एल.सी. |
| ६ | गोविन्द वि.क. | आइ.एड. |
| ७ | पूजा वि.क. | एस.एल.सी. |
| ८ | गीता श्रेष्ठ | एस.एल.सी. |
| ९ | हरि शर्मा | आइ.एड. |
| १० | आकाश थापा | आइ.एस्सी. |

## छनोटमा परेका प्रधानाध्यापकको नामावली

| क.सं. | नाम | विद्यालयको नाम | योग्यता |
|---|---|---|---|
| १ | विष्णुप्रसाद बस्याल | श्रीमणि सङ्गम प्रा.वि. | वि.एड. |
| २ | सोमलाल भट्टराई | श्री लखनथापा मेमोरियल एकेडेमी | वि.एड. |

## छनोटमा परेका विद्यार्थीहरुको नामावली

| क.सं. | विद्यार्थीको नाम | विद्यालयको नाम |
|---|---|---|
| १ | हिमाल दिशा | श्री मणिसङ्गम प्रा.वि. |
| २ | सागर बुढामगर | श्री मणिसङ्गम प्रा.वि. |
| ३ | सनम वि.क. | श्री मणिसङ्गम प्रा.वि. |
| ४ | प्रेमिला गुरुङ्ग | श्री मणिसङ्गम प्रा.वि. |
| ५ | नविन वि.क. | श्री मणिसङ्गम प्रा.वि. |
| ६ | नारायण सोमै | श्री मणिसङ्गम प्रा.वि. |
| ७ | अनिसा थापा | श्री लखन थापा मेमोरियल एकेडेमी |
| ८ | विवेक गुरुङ्ग | श्री लखन थापा मेमोरियल एकेडेमी |
| ९ | रजनी सोमै | श्री लखन थापा मेमोरियल एकेडेमी |
| १० | दीपक पौडेल | श्री लखन थापा मेमोरियल एकेडेमी |
| ११ | थानबहादुर वयम्बु | श्री लखन थापा मेमोरियल एकेडेमी |
| १२ | निर्मला साहु | श्री लखन थापा मेमोरियल एकेडेमी |

## छनोटमा परेका अभिभावकहरुको नामावली

| क.सं. | नाम |
|---|---|
| १ | चन्द्रबहादुर दिशा |
| २ | दिलबहादुर बुढामगर |
| ३ | बोमबहादुर वि.क. |
| ४ | बलबहादुर गुरुङ्ग |
| ५ | भुवन वि.क. |
| ६ | लक्ष्मी सोमै |
| ७ | हुमबहादुर थापा |
| ८ | लालबहादुर गुरुङ्ग |
| ९ | अशोक सोमै |
| १० | चमी सरा सारु |

## छनोटमा परेका स्थानीय बुद्धिजीवीहरु

| क.सं. | नाम |
|---|---|
| १ | ललित गुरुङ्ग |
| २ | श्याम बहादुर राना |
| ३ | डिलबहादुर थापा |
| ४ | कृष्ण क्षेत्री |
| ५ | भुवानन्द बस्याल |

## छनोटमा परेका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष

| क.सं. | नाम | विद्यालय |
|---|---|---|
| १ | चन्दबहादुर सोती | श्री मणि सङ्गम प्रा.वि. |
| २ | डिलबहादुर थापा | श्री लखनथापा मेमोरियल एकेडेमी |